# नेपाल उद्योग वाणिज्य महासंघको

## विधान
## २०४९
## (पाचौं संशोधन सहित)

[द्रष्टव्य : महासंघको २०६२ पौष २८ गते सम्पन्न विशेष साधारण सभाबाट स्वीकृत]

नेपाल उद्योग वाणिज्य महासंघ
टेकू, काठमाडौं
पो. बं. नं. २६९

# नेपाल उद्योग वाणिज्य महासंघको
# विधान २०४९
# (नेपाल उद्योग वाणिज्य संघको प्रबन्धपत्र तथा नियमावली २०२२ को संशोधन)

---

प्रथम संशोधन २०५१।११।१२
दोश्रो संशोधन २०५३।८।१४
तेस्रो संशोधन २०५७।५।३१
चौथो संशोधन २०५९।४।१५
पांचौं संशोधन २०६२।९।२८

<u>प्रस्तावना</u> :

"राष्ट्रिय आवश्यकता र बदलिंदो परिस्थिति अनुरुप काममा सुव्यवस्थित, सुदृढ एवं अझ बढी व्यापक पार्दै राष्ट्रको उद्योग र वाणिज्य क्षेत्रलाई सुव्यवस्थित एवं सुदृढ पार्दै बैज्ञानिक किसिमले यस क्षेत्रको विकास गरी राष्ट्रको अर्थतन्त्रलाई दरिलो पार्ने काममा ठोस योगदान पुऱ्याउन र

अधिराज्य भित्र उद्योग तथा वाणिज्य लगायतका आर्थिक क्रियाकलापमा पूंजी लगानी गरी तत् तत् व्यवसायमा संलग्न उद्योगी तथा व्यापारीको हकहितको संरक्षण एवं सम्बर्द्धन गर्न र

वि. सं. २०२२ सालमा स्थापित नेपाल उद्योग वाणिज्य संघले महासंघको रुपमा आफूलाई प्रस्तुत गरी सो अनुरुपको भूमिका निर्वाह गर्दै आएकोले नेपाल उद्योग वाणिज्य संघलाई "नेपाल उद्योग वाणिज्य महासंघ" र नेपाल उद्योग वाणिज्य संघका प्रबन्धपत्र तथा नियमावलीलाई नेपाल उद्योग वाणिज्य महासंघको विधानमा रुपान्तर तथा नामाकरण गरी त्यसमा समयानुकूल संशोधन एवं परिमार्जन गर्न समेत वान्छनीय भएकोले,

नेपाल उद्योग वाणिज्य संघको छव्वीसौं वार्षिक साधारण सभाले देहाय बमोजिमको विधान बनाई लागू गरेको छ ।"

## <u>परिच्छेद १</u>
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम तथा प्रारम्भ</u>

१.१ यस विधानको नाम नेपाल उद्योग वाणिज्य महासंघको विधान २०४९ रहेको छ ।

१.२ यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>

२.१ बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

२.१.१ महासंघ भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ (नेउवामहासंघ) र अंग्रेजीमा Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) लाई सम्झनु पर्छ ।

२.१.२ "कार्यकारिणी समिति" भन्नाले यस विधान बमोजिम गठित महासंघको कार्यकारिणी समिति (Executive Committee) सम्झनु पर्छ ।

२.१.३ "कार्यकारिणी समिति सदस्य" भन्नाले महासंघको कार्यकारिणी समितिका बहालमा रहेका सदस्य सम्झनु पर्छ र यसले पदाधिकारी (महानिर्देशक वाहेक) समेतलाई जनाउंछ ।

२.१.४ "विधान" भन्नाले महासंघको यस विधानलाई सम्झनु पर्छ ।

२.१.५ "उद्योग वाणिज्य" भन्नाले उद्योग, वाणिज्य, बैंकिङ्ग, वीमा, पर्यटन, यातायात, निर्माण, कृषि, सेवा उद्योग र अन्य व्यवसाय समेतलाई सम्झनु पर्छ ।

२.१.६ "सदस्य" भन्नाले यस विधानमा तोकिएको तरीकाले महासंघको सदस्यता प्राप्त गरेको सदस्यलाई सम्झनु पर्छ ।

२.१.७ साधारण सभा भन्नाले महासंघको वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउने छ ।

२.१.८ "श्रम" भन्नाले रोजगारदाता सम्बन्धी बिषय समेतलाई सम्झनु पर्छ ।

२.१.९ "पदाधिकारी" भन्नाले महासंघका अध्यक्ष, उपाध्यक्षहरु र महानिर्देशक समेतलाई सम्झनु पर्छ ।

२.१.१० "आर्थिक वर्ष" भन्नाले बिक्रम सम्वत श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा अन्त हुने एक वर्षको अवधि सम्झनु पर्छ ।

२.१.११ तोके बमोजिम वा तोकिए बमोजिम भन्नाले यस विधानले दिएको अधिकार प्रयोग गरी बनाइएको नियम, उपनियमद्वारा वा कार्यकारिणी समितिले तोके बमोजिम वा तोकिए बमोजिम सम्झनु पर्छ ।

२.१.१२ पूर्व अध्यक्ष भन्नाले निवर्तमान अध्यक्षलाई समेत जनाउनेछ ।

२.१.१३ उपाध्यक्ष भन्नाले वरिष्ठ उपाध्यक्षलाई समेत जनाउने छ ।

२.१.१४ "उद्योग वाणिज्य संघ" भन्नाले क्षेत्रीय/जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघलाई समेत जनाउनेछ ।

३. <u>महासंघको कार्यालय</u>

३.१ महासंघको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहने छ ।

३.२ महासंघले आफ्नो उद्देश्य पूर्तिको निमित्त नेपाल अधिराज्य भित्र वा बाहिर आवश्यकतानुसार कार्यालयहरु खडा गर्न सक्नेछ ।

४. <u>महासंघको छाप तथा चिन्ह</u>

४.१ महासंघको आफ्नो छुट्टै झण्डा, छाप तथा प्रतीक चिन्ह हुने छ ।

४.२ महासंघको झण्डा, छाप र प्रतीक चिन्ह अनुसूची १ मा उल्लेख भए बमोजिम हुने छ ।

## परिच्छेद २
## महासंघको उद्देश्य तथा कार्य प्रणाली

५. <u>महासंघको उद्देश्य</u>

५.१ "नेपाल अधिराज्यका उद्योगी व्यापारी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै राष्ट्रको आर्थिक तथा सामाजिक विकास गर्नु, विश्व अर्थ व्यवस्थामा आएका नूतन अवधारणा र परिवर्तनलाई आत्मसात गर्दै खुल्ला बजार अर्थतन्त्रको विकासमा महत्वपूर्ण र प्रभावकारी योगदान गर्नु, निजी क्षेत्र

तथा राष्ट्रिय अर्थ व्यवस्थालाई सवल, सक्षम, सुदृढ र आत्म निर्भर तुल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा उद्योग र व्यापारको विस्तार र विकास गर्दै उद्योगी तथा व्यापारीहरुको प्रतिनिधित्व गर्ने सर्वोच्च संघीय संस्थाको रुपमा कार्य गर्नु गराउनु महासंघका मुख्य उद्देश्यहरु हुने छन् ।"

५.१(क) उद्योग तथा वाणिज्य क्षेत्रका रोजगारदाताहरुको हक हितको संरक्षणका लागि रोजगारदाता संगठनको रुपमा काम गर्नु गराउनु ।

५.२ उपदफा ५.१ र ५.१क को सर्वमान्यतामा प्रतिकूल प्रभाव नपारी महासंघले आफ्ना उद्देश्यहरु पूर्तिको निमित्त देहाय बमोजिमका कार्यहरु गर्न वा गराउन सक्नेछः

५.२.१ राष्ट्रको आर्थिक विकासको मेरुदण्ड नै उद्योग वाणिज्य क्षेत्र हुनाले सो क्षेत्रको विकास र विस्तार गरी राष्ट्रको आर्थिक विकासमा सकारात्मक परिवर्तन ल्याउन आवश्यकता अनुसार कार्य गर्ने, गराउने ।

५.२.२ राष्ट्रिय हितलाई सर्वोपरि ठान्दै सोको संरक्षण सम्बर्द्धन र संपोषण गर्न समान उद्देश्य भएका राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा संगठनसंग पारस्परिक सहयोग सद्भाव र सहकार्य बढाउने तथा भाईचाराको सम्बन्ध स्थापना गर्ने ।

५.२.३ राष्ट्रको आर्थिक विकासमा प्रत्यक्ष वा परोक्ष रुपले प्रभाव पार्ने कुनै पनि बिषय, पक्ष वा ऐन, कानून, नियम, नीति, योजना तथा कार्यक्रमको अध्ययन, विश्लेषण, विवेचना, समीक्षा, गोष्ठी तथा अन्तरक्रिया गर्ने, गराउने र सोबाट प्राप्त निष्कर्ष, प्रक्रिया, सुझाव सम्बन्धित निकाय समक्ष पेश गर्ने, ध्यानाकर्षण गर्ने र त्यसको कार्यान्वयन गर्न गराउन निरन्तर अनुगमन गर्ने । साथै प्राप्त निष्कर्ष, सुझाव, प्रक्रिया वा अध्ययन अनुसन्धानबाट प्राप्त प्रतिवेदन आवश्यकता अनुसार प्रकाशन गर्ने प्रचार प्रसार गर्ने ।

५.२.४ उद्योग वाणिज्य, श्रम तथा सम्बन्धित क्षेत्र वा बिषयमा आवश्यकता अनुसार राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका कार्यक्रमहरुको आयोजनाका साथै सक्रिय सहभागिता गर्ने, गराउने ।

५.२.५ उद्योग, वाणिज्य तथा श्रम सम्बन्धी विवादको मध्यस्थता गर्नु गराउनु र सोको निमित्त सबै किसिमको आवश्यकीय कार्यवाही गर्नु गराउनु ।

५.२.६ राष्ट्रिय नीतिहरुसंग उद्योग वाणिज्य क्षेत्रको सामन्जस्यता स्थापित गर्दै देश भित्र उद्योग, वाणिज्य तथा व्यापारिक संघ संस्थाको विकास एवं विस्तार गर्ने तथा उद्योग वाणिज्य क्षेत्रमा सद्भाव, इमान्दारिता, सहिष्णुता कायम राख्दै संस्थागत सामाजिक दायित्व (Corporate Social Responsibility), नैतिक मूल्य, मान्यता र व्यवसायिक आचार संहिता (Business Code of Conduct) जस्ता बिषयको मान्यता स्थापित गर्ने, गराउने ।

५.२.७ पांचौं संशोधनबाट खारेज ।

५.२.८ पांचौं संशोधनबाट खारेज ।

५.२.९ उद्योग, वाणिज्य, श्रम तथा अन्य आर्थिक बिषयहरुमा अध्ययन अनुसन्धान गर्नु गराउनु र उपयुक्त जानकारीहरु प्रचार प्रसार गर्न आवश्यक सूचना आदान प्रदानका साथै पत्रपत्रिका, पुस्तक पुस्तिकाहरु प्रकाशित गरी गराई बिक्री एवं वितरण गर्नु गराउनु ।

५.२.१० उद्योग, वाणिज्य तथा अन्य बिषय सम्बन्धी मेला तथा प्रदर्शनीहरुको व्यवस्था गर्नु गराउनु र भाग लिनु, लिन लगाउनु ।

५.२.११ बिशेषज्ञ, प्रशासक, राजनैतिक व्यक्तित्वहरु, सन्चार माध्यम, बौद्धिक समूदाय (एकेडेमिसियन) गैह्र व्यवसायिक संघ संस्था एवं युवाहरुसंग यथासम्भव निरन्तर सम्वाद र सम्पर्क कायम राखी अघि बढ्नु ।

५.२.१२ कुनै पनि प्रकारका व्यापारिक विवाद, असहमति तथा असमझदारीलाई पारस्परिक वार्ता, सद्भाव तथा मध्यस्थताबाट गर्नु गराउनु ।

५.२.१३ कुनै वस्तुको उत्पत्तिको प्रमाणपत्र (सर्टिफिकेट अफ ओरिजिन) जारी गर्नु वा गर्न लगाउनु ।

५.२.१४ सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थाहरुको सदस्यता लिनु, बिभिन्न मुलुकहरुको संघ संस्थासंग प्रतिनिधिहरुको आदान प्रदान गर्नु, बिचार विमर्श गर्नु गराउनु, सम्बन्ध स्थापित गर्नु गराउनु र सहयोगको आदान प्रदान गर्नु गराउनु ।

५.२.१५ नेपाल अधिराज्यमा असल औद्योगिक सम्बन्ध विकासका लागि रोजगारदाता र श्रमिकहरु बीच सुमधुर सम्बन्धको विकास गर्न आवश्यक व्यवस्था गर्नु गराउनु ।

५.२.१६ महासंघको उद्देश्य पूर्तिको निमित्त आवश्यक आर्थिक श्रोतको परिचालन गर्नु, नियम, उपनियम बनाउनु र अन्य आवश्यक प्रशासनिक लगायतका कार्यहरु गर्नु गराउनु ।

५.२.१७ पांचौं संशोधनबाट खारेज ।

५.२.१८ राष्ट्रिय आर्थिक विकासलाई मजबूत बनाउन निजी क्षेत्रको सहभागिता प्रबर्द्धन गर्दै खुल्ला बजार अर्थ नीति तथा आर्थिक उदारिकरणको नीतिबाट कसरी लाभान्वित हुन सकिन्छ भन्ने तर्फ सचेततापूर्वक क्रियाशील रहनु ।

५.२.१९ देश भित्र बैदेशिक लगानीका क्षेत्रहरु पहिचान गरी त्यस्तो क्षेत्रमा लगानी आकर्षित गर्न आवश्यक वातावरण श्रृजना गर्न समूचित सम्पूर्ण उपायहरु अवलम्बन गर्नु, गराउनु ।

५.२.२० देशको वातावरण संरक्षण, आधुनिक प्रविधिको विकास, राष्ट्रिय उत्पादकत्व बृद्धि एवं जनसाधन विकास सम्बन्धी नीतिहरुसंग उद्योग वाणिज्य क्षेत्रको सामन्जस्यता स्थापित गर्नु गराउनु ।

५.२.२१ प्रचलित नेपाल कानून वा आधिकारिक निकायबाट प्रत्यायोजित अधिकारको प्रयोग प्रचलन गर्नु गराउनु वा निर्देशित कार्य गर्नु गराउनु ।

५.२.२२ माथि लेखिएका उद्देश्यहरु परिपूर्ति गर्ने सन्दर्भमा गर्नु पर्ने अन्य सबै आवश्यक कार्यहरु गर्नु गराउनु ।

६. **महासंघ एक प्रतिनिधिमूलक संस्था हुने** :

६.१ महासंघ एक मुनाफाको उद्देश्य नरहेको उद्योग वाणिज्य क्षेत्रका व्यवसायीहरुको गैर राजनैतिक प्रतिनिधिमूलक सर्वोच्च संघीय संस्था हुने छ ।

६.२ महासंघले यस विधानको अधिनमा रही आफ्नो उद्देश्य पूर्तिको लागि व्यवसायिकता (Professionalism) तथा आधुनिक पद्धति अपनाइ आफ्नो कार्य संचालन गर्ने छ ।

## परिच्छेद ३
## सदस्यता

७ **सदस्यता एवं सदस्यता प्रदान गर्ने अधिकारी**

७.१ महासंघका सदस्यहरुको वर्गीकरण देहाय बमोजिम हुने छ:

(क) साधारण सदस्य

(क)१ जिल्ला उद्योग वाणिज्य संघ

(क)२ बस्तुगत संघ

(ख) एशोसिएट सदस्य

(ख)१ द्विराष्ट्रिय उद्योग वाणिज्य संघ

(ख)२ औद्योगिक तथा व्यवसायिक प्रतिष्ठान

(ग) विशिष्ट सदस्य

(घ) वैदेशिक सदस्य

(ङ) मानार्थ सदस्य

७.२ महासंघको सदस्यता प्रदान गर्ने अधिकार कार्यकारिणी समितिमा निहित रहने छ ।

७.३ सदस्यता प्रदान गर्ने वा नगर्ने बारे कार्यकारिणी समितिको निर्णय अन्तिम हुने छ ।

८. **साधारण सदस्यता** :

८.१ साधारण सदस्यता निम्न किसिमका हुनेछन् :

(क) जिल्ला उद्योग वाणिज्य संघ

(ख) बस्तुगत संघ

८.२ उद्योग वाणिज्य संघले सदस्यता प्राप्तिका लागि निम्न शर्त पूरा गर्नु पर्नेछ ।

८.२.१ नेपाल अधिराज्यको कुनै जिल्ला र तोकिएको नगर क्षेत्रमा संगठित उद्योगी व्यापारीहरुको संगठनलाई महासंघको साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

८.२.२ पांचौं संशोधनबाट खारेज ।

८.२.३ पांचौं संशोधनबाट खारेज ।

८.२.४ पांचौं संशोधनबाट खारेज ।

८.२.५ कुनै जिल्लामा एक भन्दा बढी महानगर/उपमहानगर र नगरपालिका भएमा प्रत्येक त्यस्ता नगरपालिका क्षेत्र भित्र स्थापित उद्योग वाणिज्य संघलाई महासंघको सदस्यता दिन सकिने छ ।

तर निम्न अवस्थामा यस्ता महानगर/उपमहानगर र नगरपालिकामा स्थापित संघलाई महासंघको सदस्यता दिईने छैन :

(क) जिल्ला सदरमूकाम क्षेत्रमा उद्योग वाणिज्य संघ गठन भई सकेको भएमा ।

(ख) महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको जनसंख्या ५० हजार भन्दा कम भएमा ।

८.२.६ माथि खण्ड (क) बमोजिम गठित उद्योग वाणिज्य संघको कार्य क्षेत्र सोही नगरपालिका क्षेत्र भित्र सीमित रहने छ ।

तर कार्यकारिणी समितिले आवश्यक सम्झेमा कार्यक्षेत्र तोक्न यस खण्डले बाधा पुर्‍याएको मानिने छैन ।

८.२.७ महासंघको सदस्यता प्राप्त गर्न उद्योग वाणिज्य संघमा कानून बमोजिम दर्ता भएका नियमित शुल्क तिरेका कम्तिमा ३०० उद्योग व्यवसाय सदस्य भएको हुनु पर्नेछ ।

तर दूर्गम तथा विकट जिल्लाहरुमा स्थापित उद्योग वाणिज्य संघको हकमा कार्यकारिणी समितिको उपस्थिति संख्याको दुई तिहाई बहूमतले सदस्य संख्यामा पटके रुपमा ५० प्रतिशत कम गर्न सक्नेछ ।

८.२.८ उद्योग र वाणिज्य दुबैको प्रतिनिधित्व गर्ने संघले आफ्नो नाममा उद्योग वाणिज्य भनी उल्लेख गरेको हुनु पर्नेछ ।

८.२.९ सम्बन्धित उद्योग वाणिज्य संघले आफ्नो क्षेत्र भित्रका व्यापार केन्द्रहरुलाई आफू भित्र समेट्नका लागि शाखा खोल्ने व्यवस्था गर्न सक्नेछ ।

८.२.१० हाल भईरहेका सदस्यहरुलाई यो संशोधनले कुनै प्रतिकूल असर पार्ने छैन ।

८.३ वस्तुगत संघले महासंघको साधारण सदस्यता प्राप्त गर्न देहायका शर्तहरु पूरा गर्न आवश्यक हुने छ :

८.३.१ कुनै खास उद्योग, वाणिज्य, सेवा वा वस्तुगत व्यवसाय, घरेलु तथा साना उद्योग, महिला उद्यमी तथा व्यवसायी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भई स्थापित वस्तुगत संघले महासंघको साधारण सदस्यता प्राप्त गर्न सक्ने छ ।

८.३.२ पांचौं संशोधनबाट खारेज ।

८.३.३ कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघलाई सदस्यता दिएपछि सामान्यतया: सोहि वर्गलाई समेटिएको अर्को वस्तुगत संघलाई सदस्यता दिइने छैन ।

तर कार्यकारिणी समितिलाई उचित लागेमा एकभन्दा बढी मिल्दो जुल्दो क्षेत्र समावेश गरी अर्को वस्तुगत संघ गठन हुन सक्ने छ ।

८.३.४ पांचौं संशोधनबाट खारेज ।

८.३.५ कुनै पनि वस्तुगत संघले महासंघको सदस्यता प्राप्त गर्न कम्तिमा पांचवटा अञ्चलमा कानून बमोजिम दर्ता भएका कम्तिमा पचासवटा शुल्क तिरेका सदस्य हुन अनिवार्य हुने छ ।

८.३.६ उपदफा ८.३.५ मा जुनसुकै कुरा लेखिएको भए पनि प्रचलित कानून बमोजिम स्थापित सबै प्रतिष्ठान कुनै खास अञ्चल वा क्षेत्रमा सीमित रहन पर्ने र देश भरिमा ५० वटा भन्दा कम तर पन्ध्रवटा भन्दा बढी संचालित सबै प्रतिष्ठानहरुको संगठनलाई वस्तुगत संघ मानि सदस्यता प्रदान गर्न सकिने छ ।

८.३.७ हाल भई रहेका सदस्यहरुलाई यो संशोधनले कुनै प्रतिकूल असर पार्ने छैन ।

८.३(क) बस्तुगत महासंघको सदस्यता सम्बन्धी थप व्यवस्था : यस्तो महासंघले, नेपाल उद्योग वाणिज्य महासंघको साधारण सदस्यता प्राप्त गर्न देहायका शर्त पूरा गर्नु पर्नेछ ।

८.३.(क)(१) विधानको दफा ८.३.३ अन्तर्गत कम्तिमा १२ अञ्चलमा कानुन बमोजिम दर्ता भई महासंघको बस्तुगत संघ सदस्यता लिएका तथा नियमित शुल्क तिरेका न्यूनतम एक हजार वटा सदस्य संख्या भएको हुनु पर्नेछ । यसरी गठन भएको महासंघको स्थान बस्तुगत सदस्य समूह भित्र रहने छ र सोही समूह भित्र रही यस विधानमा गरिएको व्यवस्था अनुरुप मताधिकारको प्रयोग गर्नेछ ।

## ९. द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सदस्यता

९.१ महासंघको सदस्यता प्राप्त गर्न चाहने द्विराष्ट्रिय उद्योग वाणिज्य संघले देहायका शर्तहरु पूरा गर्न आवश्यक हुने छ :

(क) प्रचलित कानून बमोजिम दर्ता भएको,

(ख) अघिल्लो तिन वर्षसम्म नेपालको कूल आयात निर्यात व्यापारको कम्तिमा दुई प्रतिशत अंश व्यापार हुने मुलुकसंगको व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित भएको, र

(ग) कम्तिमा १०० वटा प्रचलित कानून बमोजिम दर्ता भएका शुल्क तिर्ने सदस्य भएको ।

९.२ पांचौं संशोधनबाट खारेज ।

९.३ पांचौं संशोधनबाट खारेज ।

९.४ द्विराष्ट्रिय उद्योग वाणिज्य संघको मताधिकारको हकमा एशोसिएटसमूह भित्र रहने छ र सोही समूह भित्र रहि यस विधानमा गरिएको व्यवस्था अनुरुप मताधिकारको प्रयोग गर्नेछ ।

## १०. एशोसिएट सदस्यता

१०.१ कम्तीमा रु. १,००,००,०००।- (एक करोड) चुक्ता पूंजी भएको प्रतिष्ठान, कम्पनी, कर्पोरेशन, बैंक वा उद्योगले महासंघको एशोसिएट सदस्यता प्राप्त गर्न सक्नेछ । तर हाल भई रहेका सदस्यहरुलाई यो संशोधनले प्रतिकूल असर पार्ने छैन ।

१०.२ एशोसिएट सदस्यता प्राप्त गर्न चाहनेले महासंघको साधारण सदस्यको सिफारिश लिएको हुनु पर्नेछ ।

## १०(क) आजीवन सदस्यता :

१०.क.१ पांचौं संशोधनबाट खारेज ।

१०.क.२ पांचौं संशोधनबाट खारेज ।

## ११. विशिष्ट सदस्यता

११.१ महासंघको उद्देश्य प्राप्तिका लागि विशेष योगदान पुऱ्याउने स्वदेशी एवं विदेशी व्यक्ति वा संस्थालाई कार्यकारिणी समितिले आफ्नो कार्यावधि सम्मका लागि महासंघको विशिष्ट सदस्यता प्रदान गर्न सक्नेछ ।

यस्ता सदस्यलाई कार्यकारिणी समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । तर निजले संघको कुनै बैठकमा मतदान दिन वा कुनै निर्वाचनमा भाग लिन पाउने छैन ।

११.२ विशिष्ट सदस्यले महासंघलाई कुनै शुल्क बुझाउन पर्ने छैन ।

## १२. वैदेशिक सदस्यता

१२.१ विदेशी कम्पनी, संघ संस्थालाई वैदेशिक सदस्यता प्रदान गर्न सकिने छ ।

१२.२ वैदेशिक सदस्यलाई मत दिने तथा निर्वाचनमा भाग लिने कुनै अधिकार हुने छैन ।

१२.३ वैदेशिक सदस्यले कार्यकारिणी समितिले तोके बमोजिमको वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

## १३. सदस्यता प्राप्ति

१३.१ महासंघको सदस्यता (विशिष्ट सदस्य बाहेक) प्राप्त गर्न चाहनेले सदस्यताको लागि आफ्नो विधान वा प्रबन्धपत्र नियमावली एवं दर्ताको प्रमाणपत्रका साथै कार्यकारिणी समितिले समय समयमा तोके अनुसारको शर्त एवं ढांचामा महासंघमा दरखास्त दिनु पर्नेछ ।

१३.२ सदस्यताका निमित्त प्राप्त हुन आएको दरखास्तमा सदस्यता प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार कार्यकारिणी समितिको हुनेछ र कार्यकारिणी समितिले सदस्यता प्रदान गर्न स्वीकृति दिएको मिति देखि सदस्यता शुरु भएको मानिने छ ।

१३.३ दफा २५ बमोजिमको वार्षिक साधारण सभाको सूचना जारी भईसकेपछि वार्षिक साधारण सभा समाप्त नभएसम्म नयां सदस्यता दिन सकिने छैन ।

१३.४ माथि उपदफा १३.१ बमोजिम सदस्यताको लागि प्राप्त भएका दरखास्तको छानवीन गरी आफ्नो राय कार्यकारिणी समितिमा पेश गर्ने काम सदस्यता समितिको हुनेछ ।

१३.५ पांचौं संशोधनबाट खारेज ।

## १४. सदस्यता निलम्बन वा खारेज हुने अवस्था

१४.१ देहायको अवस्थामा महासंघको सदस्यता स्वतः खारेज हुनेछ :

(क) सदस्य दिवालिया भएमा, वा

(ख) सदस्य विघटन भएमा, वा

(ग) सदस्यको दर्ता खारेज भएमा, वा

(घ) स्वेच्छाले सदस्यता नवीकरण नगरेमा ।

१४.२ देहायको अवस्थामा महासंघको सदस्यता निलम्बन हुने छ :

(क) महासंघको उद्देश्य विपरित गरेमा, वा

(ख) आफ्नो विधान विपरित कार्य गरेमा, वा

(ग) महासंघलाई बुझाउनु पर्ने रकम नबुझाएमा, वा

(घ) तोकिएको अन्य अवस्थामा ।

१४.३ माथि दफा १४(१) र १४(२) मा लेखिए बाहेकका अन्य मनासिव कारण भएमा वा उपदफा १४.२ को सजाय गर्न उपयुक्त नलागेमा कार्यकारिणी समितिले तोकिएको अवधिसम्म निर्देशन सहित सदस्यलाई निलम्बनमा राख्न सक्ने छ ।

१४.४ माथि उपदफा १४.२ वा १४.३ बमोजिम सदस्यता निलम्बन वा खारेज गर्ने गरी कार्यकारिणी समितिले गरेको निर्णयमा चित्त नबुझेमा सो सदस्यले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र कार्यकारिणी समिति मार्फत साधारण सभामा पुनरावेदन गर्न सक्नेछ । कार्यकारिणी समितिले त्यस्तो पुनरावेदन परेको मिति पछि लगत्तै हुने साधारण सभामा पेश गर्नेछ । त्यसमा साधारणा सभाले गरेको निर्णय अन्तिम हुने छ ।

तर यस्तो निलम्बन वा खारेज गर्नु अघि यस्ता सदस्यलाई स्पष्टिकरणको मौका दिइने छ ।

१४.५ कार्यकारिणी समितिले उपयुक्त ठहराएमा सदस्यता खारेज भएका वा परित्याग गरेका वा निलम्बन गरेको सदस्यलाई पुन: सदस्यता दिन वा निलम्वन फुकुवा गर्न सक्ने छ ।

१५. <u>सदस्यता शुल्क</u>

१५.१ महासंघको वार्षिक सदस्यता शुल्क एवं प्रवेश शुल्क कार्यकारिणी समितिले तोके बमोजिम हुनेछ ।

१६. <u>सदस्यता शुल्क बुझाउने म्याद</u>

१६.१ पांचौं संशोधनबाट खारेज ।

१६.२ पांचौं संशोधनबाट खारेज ।

१७. पांचौं संशोधनबाट खारेज ।

१८. पांचौं संशोधनबाट खारेज ।

१८.१ पांचौं संशोधनबाट खारेज ।

१९. पांचौं संशोधनबाट खारेज ।

१९.१ पांचौं संशोधनबाट खारेज ।

१९.२ पांचौं संशोधनबाट खारेज ।

१९.३ पांचौं संशोधनबाट खारेज ।

२०. पांचौं संशोधनबाट खारेज ।

२०.१ पांचौं संशोधनबाट खारेज ।

२०.२ पांचौं संशोधनबाट खारेज ।

२०.३ पांचौं संशोधनबाट खारेज ।

२१. पांचौं संशोधनबाट खारेज ।

२१.१ पांचौं संशोधनबाट खारेज ।

२१.२ पांचौं संशोधनबाट खारेज ।

२१.३ पांचौं संशोधनबाट खारेज ।

२१.४ पांचौं संशोधनबाट खारेज ।

२१.५ पांचौं संशोधनबाट खारेज ।

२२. <u>सदस्य हुन कानून बमोजिम स्थापित भएको हुनु पर्ने</u>

२२.१ महासंघको सदस्यता लिन चाहने हरेक संघ/संस्था प्रचलित नेपाल कानून बमोजिम दर्ता भै स्थापित भएको हुनु पर्ने छ ।

२२.२ पांचौं संशोधनबाट खारेज ।

## परिच्छेद ४
## साधारण सभा

२३. साधारण सभा

२३.१ दफा ७ बमोजिमका सदस्यहरुको विधिवत प्रतिनिधिहरु भएको महासंघको साधारण सभा हुनेछ ।

२३.२ साधारण सभा महासंघको सर्वोच्च अङ्ग हुनेछ ।

२४. वार्षिक साधारण सभा

२४.१ एक वार्षिक साधारण सभा र अर्को वार्षिक साधारण सभा बीचको फरक सामान्यतया एक वर्षको हुनेछ ।

तर विशेष परिस्थितिमा कार्यकारिणी समितिको दुई तीहाई सदस्यहरुको निर्णयबाट तोकिएको प्रकृया पूरा गरी बढीमा २ (दुई) महिना सम्मका लागि कार्यकारिणी समितिले साधारण सभा पछि सार्न सक्नेछ ।

२४.२ यस विधानमा लेखिए देखि वाहेक साधारण सभा सम्बन्धी अन्य आवश्यक कुराहरु तोकिए बमोजिम हुने छन् ।

२५. साधारण सभाको सूचना

२५.१ महासंघको वासलात, वार्षिक प्रतिवेदन र सभामा छलफल हुने बिषय सूची साथ सभा हुने मिति र स्थान तथा प्रतिनिधिमण्डलको संख्या र निर्वाचन गर्ने साधारण सभाको लागि उम्मेद्वार पठाउने भए उम्मेद्वारको नाम तथा उम्मेद्वारी सहित पठाउन साधारण सभा हुने मितिले कमसेकम ३० दिन अघि सचिवालयले सबै सदस्यहरुलाई वार्षिक साधारण सभाको पूर्व सूचना पठाउने छ ।

२५.२ देहाय बमोजिम पठाइएको साधारण सभाको सूचना रितपूर्वक तामेल भएको मानिने छ ।

(क) डांकबाट पोष्टल सर्टिफिकेट लिई वा कुरियरबाट वा हवाई सेवाबाट पठाएको निस्सा लिई पठाएकोमा,

(ख) पिउन मार्फत भर्पाइ सहित पठाइएकोमा ।

२५.३ यो विधान प्रारम्भ भए पश्चात महासंघको साधारण सभा प्रत्येक वर्षको चैत्र मसान्त भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

२५.४ साधारण सभामा देहाय बमोजिमका व्यक्तिहरुले भाग लिन पाउने छन् ।

(क) विधानको दफ २९ बमोजिम प्रतिनिधिमण्डलमा समावेश भएका व्यक्तिहरु ।

(ख महासंघको कार्यकारिणी समितिका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरु ।

(ग) कार्यकारिणी समितिले आमन्त्रित गरेका व्यक्तिहरु ।

तर साधारण सभामा मतदानको अधिकार भने दफा २९ बमोजिमको मुख्य प्रतिनिधिहरुलाई मात्र हुने छ ।

२६.

२६.१ पांचौं संशोधनबाट खारेज ।

२६.२ पांचौं संशोधनबाट खारेज ।

२६.३ पांचौं संशोधनबाट खारेज ।

२७. साधारण सभाको काम, कर्तव्य तथा अधिकार

२७.१ साधारण सभाको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछन् :

(क) अध्यक्षको सम्वोधन माथि छलफल गरी अनुमोदन वा संशोधन सहित स्वीकृत गर्ने ।

(ख) महानिर्देशकवाट प्रस्तुत महासंघको कृयाकलापको वार्षिक प्रतिवेदनलाई अनुमोदन वा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) लेखा परीक्षकद्वारा प्रस्तुत लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा आयव्ययको विवरण माथि छलफल गरी अनुमोदन गर्ने,

(घ) लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने वा कार्यकारिणी समितिलाई अधिकार दिने ।

(ङ) कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्ने,

(च) महासंघको अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन गर्ने,

(छ) बिषय सूचीमा समावेश अन्य बिषयहरु माथि छलफल गरी निर्णय गर्ने,

तर बिषय सूचीमा नपरेका कुराहरुमा कुनै सदस्यलाई छलफल गर्न आवश्यक छ भन्ने लागेमा निजले छलफल गर्नु पर्ने कारण खुलाई सभाको अध्यक्ष समक्ष पेश गर्नु पर्दछ र अध्यक्षले उचित ठहऱ्याई अनुमति दिएमा वा अध्यक्षलाई उचित लागेका अन्य प्रस्ताव उपर छलफल हुन सक्नेछ ।

२८. गणपूरक संख्या

२८.१ साधारण सभाको गणपूरक संख्या समयमा शुल्क तिरी मतदान गर्न पाउने सदस्य संख्याको न्यूनतम ५० प्रतिशत हुने छ । तर सो मध्ये जिल्ला/नगर उद्योग वाणिज्य संघको सदस्य संख्याको ४० प्रतिशत एवं बस्तुगत संघ सदस्य संख्याको ४० प्रतिशत र द्विराष्ट्रिय एवं एशोसिएट सदस्यको संख्याको १५ प्रतिशत न्यूनतम उपस्थिति अनिवार्य हुने छ ।

२८.२ बोलाइएको साधारण सभा गणपुरक संख्या नपुगी बस्न नसकेमा अध्यक्षले कम्तिमा १० दिनको म्याद दिई तुरुन्तै अर्को साधारण सभा बोलाउने छन् । यसरी बोलाइएको साधारण सभामा पनि गणपुरक संख्या नपुगेमा जे जस्तो उपस्थिति रहेको छ त्यसैलाई गणपुरक संख्या मानि साधारण सभा बस्ने छ ।

२८.३ निर्धारित समय भित्रमा आवश्यक शूल्क सहित प्रतिनिधि पत्र बुझाएका सदस्य संघ/संस्थाहरु उपस्थिति भएको मानिने छ ।

२९. साधारण सभामा प्रतिनिधित्व

२९.१ सदस्यले कार्यकारिणी समितिले तोके बमोजिमको संख्यामा नबढाई साधारण सभाको निमित्त प्रतिनिधिमण्डल पठाउनु पर्ने छ ।

२९.२ सदस्यको तर्फबाट पठाइएको प्रतिनिधित्व जतिजनाको भएपनि उपस्थिति एक मात्र मानिने छ ।

२९.३ प्रतिनिधिमण्डलको प्रमुख वा मुख्य प्रतिनिधिको रुपमा सदस्य संस्था (द्विराष्ट्रिय संघ समेत) को अध्यक्ष रहनु पर्ने छ । कुनै कारणले अध्यक्ष उपस्थित हुन नसक्ने भएमा कार्यसमितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने छ ।

तर एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष सञ्चालक समितिको उपाध्यक्ष, सञ्चालक समितिको सदस्य, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रुपमा मनोनयन गरी पठाउन पर्ने छ ।

<u>द्रष्टव्य</u> : उपरोक्त बमोजिम मुख्य प्रतिनिधि नियुक्त गर्दा तल्लो तहको पदाधिकारीलाई मुख्य प्रतिनिधि नियुक्त गरिएमा सो प्रतिनिधिमण्डलमा मुख्य प्रतिनिधि भन्दा माथिल्लो दर्जाको पदाधिकारीले भाग लिन पाउने छैन ।

२९.४ निर्वाचन गर्ने साधारण सभाको लागि पठाइने प्रतिनिधिमण्डलमा यस विधान बमोजिम निर्वाचनमा भाग लिन चाहने सदस्यले कुन पदका लागि कसलाई उम्मेदवार बनाइएको हो सो विवरण सहित निर्वाचनमा खडा गराउने आफ्ना उम्मेदवारलाई दफा २९.१ अनुरुपको प्रतिनिधिमण्डलमा समावेश गर्नु पर्ने छ ।

२९.५ पांचौं संशोधनबाट खारेज ।

२९.६ साधारण सभामा मतदान गर्ने अधिकार मुख्य प्रतिनिधिलाई मात्र हुने छ ।

३०.

३०.१ पांचौं संशोधनबाट खारेज ।

## ३१. <u>विशेष साधारण सभा</u>

३१.१ कार्यकारिणी समितिले विशेष साधारण सभा बोलाउन आवश्यक महशूस गरेमा १५ दिनको सूचना दिई विशेष साधारण सभा बोलाउन सक्नेछ ।

३१.२ दफा ७ बमोजिमका मतदान गर्न पाउने सदस्यहरुको कूल मत संख्याको २५ प्रतिशतले बिषय उल्लेख गरी विशेष साधारण सभा बोलाउन मांग गरेमा कार्यकारिणी समितिले ३० दिन भित्रमा विशेष साधारण सभा बोलाउनु पर्ने छ ।

तर दफा ६२ बमोजिमको अवस्थामा सोही दफा बमोजिम हुनेछ ।

३१.३ विशेष साधारण सभाको गणपूरक संख्या समयमा शूल्क तिरी मतदान गर्न पाउने सदस्य संख्याको ५० प्रतिशत हुने छ । तर सो मध्ये जिल्ला/नगर उद्योग वाणिज्य संघहरुको सदस्य संख्याको ५० प्रतिशत, बस्तुगत संघ सदस्य संस्थाको ५० प्रतिशत र एशोसिएट सदस्य (द्विराष्ट्रिय संघ समेत) संख्याको १५ प्रतिशत उपस्थिति अनिवार्य हुनेछ ।

३१.४ विशेष साधारण सभाका निमित्त निर्धारित भएको समयमा गणपुरक संख्यामा प्रतिनिधि उपस्थित नभए अध्यक्षले तोकि दिएको अर्को मितिमा सभा बस्नेछ । तर सो मितिमा पनि गणपुरक संख्या नपुगी सभा चालू हुन नसकेमा सभा खारेज भएको मानिने छ ।

३१.५ निर्धारित समय भित्रमा आवश्यक शूल्क सहित प्रतिनिधि पत्र बुझाएका सदस्य संघ/संस्थाहरु उपस्थिति भएको मानिने छ ।

## ३२. <u>वार्षिक प्रतिवेदन</u>

३२.१ कार्यकारिणी समितिको महासंघको कामको विवरण, उद्योग, वाणिज्य र आर्थिक बिषयहरु र आफूले उचित ठानेका अन्य बिषयहरु समावेश भएको वार्षिक प्रतिवेदन हुनेछ ।

३३. निर्णय बहुमतद्वारा हुने

३३.१ यस विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक गणपुरक संख्या पुगी विधिवत बसेको साधारण सभा वा विशेष साधारण सभामा उपस्थित सदस्य संख्याको बहुमतले निर्णय गरेमा सो कुरा साधारण सभा वा विशेष साधारण सभाको निर्णय मानिने छ ।

३३.२ साधारण सभाको माइन्यूटमा अध्यक्ष, महानिर्देशक र सभाबाट मनोनित एक जना सदस्यले हस्ताक्षर गरी प्रमाणित गर्ने छन् र सोही बमोजिमको निर्णय नै मूल अभिलेख हुनेछ ।

## परिच्छेद ५

## कार्यकारिणी समितिको गठन, काम, कर्तव्य र अधिकार

३४. कार्यकारिणी समितिको गठन

३४.१ महासंघको कार्यकारिणी समितिको गठन विधी निम्न बमोजिम हुनेछ :

(क) साधारण सभाले उपदफा ७.१ (क) र (ख) बमोजिमका सदस्यहरु मध्येबाट निर्वाचित गरेको एकजना — अध्यक्ष

(ख) निवर्तमान अध्यक्ष (पदेन) — सदस्य

(ग) दफा ३४(२) अनुसार निर्वाचित उपाध्यक्षहरु (५ जना) — सदस्य

(घ) उद्योग वाणिज्य संघहरुबाट प्रत्येक अञ्चलको प्रतिनिधित्व हुने गरी आ–आफ्नो क्षेत्रबाट निर्वाचित देहाय बमोजिमका सदस्यहरु

(१) पूर्वाञ्चल विकास क्षेत्रबाट ३ जना — सदस्य

(२) मध्यमाञ्चल विकास क्षेत्रबाट ३ जना — सदस्य

(३) पश्चिमाञ्चल विकास क्षेत्रबाट ३ जना — सदस्य

(४) मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट ३ जना — सदस्य

(५) सुदूरपश्चिमाञ्चल विकास क्षेबाट २ जना — सदस्य

[स्पष्टिकरण : माथि खण्ड (घ) अनुसार महासंघको कार्यकारिणी समितिको निर्वाचन हुने साधारण सभाबाट क्षेत्रीय उद्योग वाणिज्य संघहरुले सम्बन्धित क्षेत्रका प्रत्येक अञ्चलको प्रतिनिधित्व हुने गरी आ-आफ्नो क्षेत्रबाट तोकिए बमोजिम सदस्यहरु निर्वाचित गर्ने छन् । यसरी निर्वाचन गर्दा आ आफ्नो अञ्चल भित्रका जिल्ला/नगर स्तरीय उद्योग वाणिज्य संघहरु मात्र सो निर्वाचनका लागि मतदाता हुने छन् ।]

(ङ) उद्योग वाणिज्य संघहरुले निर्वाचित गरेको १४ जना — सदस्य

(च) वस्तुगत संघहरुले निर्वाचित गरेको १२ जना — सदस्य

(छ) द्विराष्ट्रिय संघहरुले निर्वाचित गरेको एक जना — सदस्य

[द्रष्टव्य : २० वटा द्विराष्ट्रिय संघहरु सदस्य भएमा २ जना सदस्य]

(ज) एशोसिएट सदस्यहरुले आफुहरु मध्येबाट

निर्वाचित गरेको १६ जना | सदस्य

(झ) पांचौं संशोधनबाट खारेज ।

(ञ) पांचौं संशोधनबाट खारेज ।

(ट) पांचौं संशोधनबाट खारेज ।

(ठ) पांचौं संशोधनबाट खारेज ।

(ड) पांचौं संशोधनबाट खारेज ।

(ढ) पांचौं संशोधनबाट खारेज ।

(ण) अध्यक्षद्वारा मनोनित (५ जना) सदस्य

(त) क्षेत्रीय उद्योग वाणिज्य संघको निर्वाचित सभापति पदेन (५ जना) सदस्य

३४.२ कार्यकारिणी समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन

(अ) अध्यक्ष १ जना

(आ) वरिष्ठ उपाध्यक्ष १ जना

(इ) उद्योग वाणिज्य संघ समूहबाट निर्वाचित उपाध्यक्ष १ जना

(ई) बस्तुगत संघ समूहबाट निर्वाचित उपाध्यक्ष १ जना

(उ) एशोसिएट सदस्य समूहबाट निर्वाचित उपाध्यक्ष १ जना

(ऊ) द्विराष्ट्रिय संघ समूहबाट निर्वाचित उपाध्यक्ष १ जना
[द्रष्टव्य : २० वटा द्विराष्ट्रिय संघहरु सदस्य पुगेमा

मात्र उपाध्यक्षको व्यवस्था हुनेछ ।]

३४.२(क) कार्यकारिणी समितिका आफू मध्येबाट १ जना वरिष्ठ उपाध्यक्ष निर्वाचित गर्ने छ ।

३४.२(ख) उपदफा ३४.२ को खण्ड (आ) वाहेकको उपाध्यक्षहरु सम्बन्धित संघ सदस्यहरुले आफू मध्येबाट निर्वाचित गर्नेछन् ।

तर एउटा समूहको सदस्यले अर्को समूहबाट उम्मेद्वार हुने तथा मतदान गर्न पाउने छैन ।

३४.३ अध्यक्षको निर्वाचनमा उद्योग वाणिज्य संघ सदस्यको ५० प्रतिशत, बस्तुगत संघ सदस्यको २० प्रतिशत र एशोसिएट सदस्य (द्विराष्ट्रिय संघ समेत)को ३० प्रतिशत गरी सदस्यको मताधिकारलाई सीमित गरी कूल १०० प्रतिशतमा हिसाव गरी निर्धारण गरिनेछ । यस प्रयोजनको लागि द्विराष्ट्रिय उद्योग वाणिज्य संघका हकमा विधानको दफा ९.४ अन्तर्गतको व्यवस्था लागू हुने छ ।

३४.४ माथी उपदफा ३४.१ (घ), (ङ), (च), (छ) एवं (ज) अन्तर्गतका सदस्यहरुको निर्वाचन साधारण सभाका क्रमश: उद्योग वाणिज्य संघ, वस्तुगत संघ द्विराष्ट्रिय संघ र एशोसिएट सदस्यहरुले मात्र आफु भित्रबाट गर्नेछन् ।

३४.५ उपदफा ३४.१ को (ण) बमोजिमका सदस्यहरु पदाधिकारीमा निर्वाचित हुन सक्ने छैनन् ।

३४.६ उपदफा ३४.१ को खण्ड (ण) बमोजिमका सदस्यहरुको मनोनित गर्दा अध्यक्षले ३ जनाको हकमा (कम्तिमा एकजना महिला उद्यमी) कार्यकारिणी समितिको

सल्लाह लिएर र बांकी २ जनाको हकमा आफूखुसी मनोनित गर्न सक्नेछन् जसमध्ये एक जना महिला उद्यमी हुन अनिवार्य हुनेछ ।

३४.७ कुनै कारणबाट तत्काल निर्वाचित कार्यकारिणी समिति भन्दा लगत्तै अघिका निवर्तमान अध्यक्ष नरहेमा वा निज पुन: निर्वाचित भएमा निज भन्दा अघिका निवर्तमान अध्यक्ष मध्ये क्रमश: सबभन्दा पछिल्ला अध्यक्ष पदेन सदस्य हुनेछन् ।

३४.८ निवर्तमान अध्यक्षको मर्यादाक्रम अध्यक्ष पछिको हुनेछ तर अध्यक्षको कार्यकारिणी अधिकार प्रयोग गर्ने सम्बन्धमा भने अध्यक्ष पछि उपाध्यक्षहरुले उपदफा ३४.२ को वरियता क्रमबाट गर्नेछन् ।

३५. <u>पदावधि</u>

३५.१ निर्वाचित कार्यकारिणी समितिको पदावधि तीन वर्षको हुनेछ ।

३५.२ निर्वाचनको लागि हुने साधारण सभा चैत्र मसान्त भित्र हुनेछ । यस्तो साधारण सभामा दफा २७.१ को (च) बाहेकको कार्य हुने छैन । तर दफा २७ को (च) वाहेकका बांकी बिषयमा छलफल गर्न त्यस पछिको जेठ मसान्त भित्र विशेष साधारण सभा बस्ने छ ।

३५.३ अध्यक्ष लगातार सोही पदमा दुई पटक भन्दा वढी निर्वाचित हुन सक्ने छैन ।

३५.४ उपदफा ३५.१ को प्रयोजनार्थ तीन वर्षको गणना गर्दा निर्वाचनका लागि भएको वार्षिक साधारण सभापछिको तीनवटा वार्षिक साधारण सभाको अवधि जनाउंदछ ।

३५(क) <u>पदावधि थप</u>

३५(क)१ यो विधान तुरुन्त लागू हुनेछ ।

३५(क)२ महासंघको ३९ औं वार्षिक साधारण सभाको निर्वाचित महासंघको अध्यक्ष एवं कार्यकारिणी समितिको २ (दुई) वर्षको कार्यकाललाई यस विधानमा व्यवस्था भए अनुसार १ (एक) वर्ष थप गरी ३ (तीन) वर्ष गरिएको छ ।

३५(क)३ विधानको दफा (४१) मा व्यवस्था भएको क्षेत्रीय प्रतिनिधित्वको हकमा महासंघको कार्यकारिणी समितिको निर्वाचन गर्ने साधारण सभाबाट गरिनेछ ।

३६. <u>कार्यकारिणी समितिको काम, कर्तव्य तथा अधिकार</u>

३६.१ कार्यकारिणी समितिले देहाय बमोजिमको काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्नेछ :

(क) विधानमा उल्लेखित सबै काम गर्ने गराउने ।

(ख) महासंघको कार्य संचालनार्थ आवश्यकता अनुसार विभिन्न समिति, उप समिति तथा बिशेषज्ञहरुको समूह गठन गर्ने, विघटन गर्ने र काम, कर्तव्य तोकी निर्वाचित उपाध्यक्ष वा कार्यकारिणी समिति सदस्यहरुलाई समिति, उप समितिहरु जिम्मा दिई काम कार्यवाहीमा समन्वय ल्याई प्रभावकारी बनाउने ।

(ग) यस विधानसंग नबाझिने गरी कार्यकारिणी समितिले कर्मचारी सेवा नियमावली, आर्थिक नियमावली र अन्य आवश्यक नियम, उप नियमहरु बनाउने, लागू गर्ने, संशोधन गर्ने वा खारेज गर्ने ।

(घ) पांचौं संशोधनबाट खारेज ।

(ङ) महासंघको नीति निर्माण गर्ने, वजेट तथा कार्यक्रम पारित गर्ने तथा महासंघका अन्य कामहरु सो अनुरुप भए नभएको हेर्ने ।

(च) महासंघको आर्थिक अवस्था सुदृढ मजवुत बनाउने उपाय अवलम्बन गर्ने, चल अचल सम्पत्ति जोडने, सुरक्षित राख्ने, उपभोग गर्ने, गर्न लगाउने,

(छ) समिति, उपसमितिहरु तथा पदाधिकारीहरुको प्रतिवेदन प्रस्ताव उपर छलफल गरी निर्णय लिने ।

(ज) सदस्यहरुले दिएको निवेदन, माग, दर्खास्त आदिका सम्बन्धमा उपयुक्त निर्णय लिने ।

(झ) महासंघको उन्नति, प्रगति र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति, संस्था, सदस्य वा कर्मचारीलाई समितिले उपयुक्त ठहऱ्याएको उपाधि सम्मान, पुरस्कार प्रदान गर्ने ।

(ञ) महासंघको तर्फबाट गरी दिनु पर्ने तमसुक, सम्झौता, कबुलियत र अधिकार पत्र जस्ता लिखतमा दस्तखत गर्न तथा प्रमाणित गर्न अख्तियारी प्रदान गर्ने ।

(ट) औद्योगिक तथा व्यापारिक विवाद, झगडा र असहमतिलाई शान्तिपूर्ण रुपमा समाधान गर्न प्रयत्न गर्ने ।

(ठ) नियमावलीको व्यवस्थाद्वारा आन्तरिक कार्यविधि तय गर्ने ।

३६.२ कार्यकारिणी समितिले आफ्नो अधिकार आवश्यकतानुसार कुनै परिषद, समिति, उपसमिति, पदाधिकारी सदस्य वा कर्मचारीलाई प्रत्यायोजित गर्न सक्नेछ ।

तर प्रत्यायोजित अधिकार पुन: प्रत्यायोजन गर्न सक्ने छैन ।

३६.३ यस विधान अन्तर्गत गठित परिषद्, समितिहरु, फोरमहरु र उपसमितिहरु कार्यकारिणी समिति प्रति जवाफदेही हुने छन् ।

३७. <u>स्थायी समिति</u>

३७.१ कार्यकारिणी समितिले अध्यक्षको अध्यक्षतामा देहायका पदाधिकारी तथा सदस्य रहेको एक स्थायी समितिको गठन गर्नेछ :

| | | |
|---|---|---|
| (क) | निवर्तमान अध्यक्ष | सदस्य |
| (ख) | उपाध्यक्षहरु | सदस्य |
| (ग) | समितिका सभापतिहरु | सदस्य |
| (घ) | अनुशासन एवं सदस्यता समिति संयोजक | विशेष आमन्त्रित |

३७.२ स्थायी समितिले उपदफा ३७.३ अन्तर्गत रही गरेको निर्णयहरु कार्यकारिणी समितिको निर्णय सरह हुने छन् । तर त्यस्ता निर्णयहरु लगत्तैपछि बस्ने कार्यकारिणी समितिबाट अनुमोदन हुनु पर्नेछ ।

३७.३ स्थायी समितिले देहाय बमोजिमका काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्नेछ :

३७.३.१ कार्यकारिणी समितिको बैठक तत्कालै बस्न नसक्ने अवस्थामा कार्यकारिणी समितिले तत्कालै निर्णय गर्नु पर्ने अत्यन्त जरुरी बिषयहरुमा निर्णय लिने,

३७.३.२ कार्यकारिणी समितिले तोकेका काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्ने,

३७.३.३ प्रशासनिक, वित्तीय तथा संगठनात्मक सुधारका काम कुराहरु गर्ने,

३७.३.४ आवश्यकतानुसार विशेषज्ञहरु समेत समावेश गरी कार्यदल वा अस्थायी समूह गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने, प्रतिवेदन लिने,

३७.४ स्थायी समितिले बैठक सम्बन्धी आफ्नो कार्यविधी आफै तय गर्नेछ ।

३८. <u>पदाधिकारी समिति</u>

३८.१ महासंघको दैनिक कार्य प्रशासनको सम्पादन, निर्देशन तथा नियन्त्रण गर्नका लागि अध्यक्षको अध्यक्षतामा देहायका पदाधिकारीहरु रहेको एक पदाधिकारी समिति रहने छ :

(क) निवर्तमान अध्यक्ष सदस्य

(ख) उपाध्यक्षहरु सदस्य

३८.२ पदाधिकारी समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

३८.२.१ कार्यकारिणी समिति, स्थायी समिति, साधारण सभा र विशेष साधारण सभाले गरेको निर्णयहरुको कार्यान्वयन गर्ने गराउने,

३८.२.२ महासंघको कर्मचारी नियमावलीको अधिनमा रही कर्मचारी नियुक्त गर्ने, निर्देशन दिने, नियन्त्रण गर्ने, सेवाबाट हटाउने,

३८.२.३ महासंघको आर्थिक कारोवार तथा खर्चको पुनरावलोकन गर्ने तथा कार्यकारिणी समितिबाट अनुमोदन गराउने गरी रकमान्तर गर्ने,

३८.२.४ महासंघको वार्षिक कार्यक्रम अनुरुपका कार्यक्रमहरु स्वीकृत बजेट अन्तर्गत रही सन्चालन गर्न लगाउने, भैसकेका कार्यक्रमहरुको मूल्याङ्कन गर्ने, आवश्यक भएमा सुधार गर्ने,

३८.२.५ महासंघद्वारा सन्चालित परियोजनाहरुको सुसन्चालन, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

३८.२.६ महासंघको कोषको प्रवर्द्धन र सम्बर्द्धन गर्ने गर्न लगाउने ।

३८.२.७ वार्षिक कार्यक्रम र वजेट बनाई स्वीकृतिको लागि कार्यकारिणी समितिमा पेश गर्ने ।

३८.२.८ पदाधिकारी समितिको निर्णय आगामी स्थायी समितिमा जानकारी गराउने ।

३८.२.९ बैंक खाता खोल्ने र सञ्चालन गराउने ।

३८.२.१० दफा ६४ को उपदफा ६४.२ देखि ६४.५ सम्मको प्रावधानको कार्यान्वयन गर्ने गराउने ।

३८.३ अध्यक्षको निर्देशनमा महानिर्देशकले पदाधिकारी समितिको बैठक बोलाउने छन् ।

३८.४ पदाधिकारी समितिले आफ्नो बैठक सम्बन्धी प्रकृया स्वयं व्यवस्थित गर्नेछ ।

३८(क) **<u>अनुशासन समिति</u>** : महासंघको भूतपूर्व अध्यक्षको सभापतित्वमा ७ (सात) सदस्यीय अनुशासन समिति गठन गरिने छ । उक्त समितिको सदस्य सभापतिको सिफारिशमा अध्यक्षले मनोनित गर्नेछ ।

३८(क)(१) अनुशासन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुने छ ।

(अ) महासंघको विधान नियमावली तथा आचार संहिताको पालना नगरेको वा सो विपरित कुनै कार्य गरेको भनी कार्यकारिणी समितिका पदाधिकारीहरु, सदस्यहरु तथा सदस्य संघहरु उपर उजूरी पर्न आएमा सो उजूरी उपर छानविन गर्ने ।

(आ) छानविन गर्ने प्रयोजनका लागि आरोप लागेका व्यक्तिलाई आफू समक्ष झिकाई सोधपुछ गर्ने, बयान लिने, प्रमाण संकलन गर्ने तथा स्पष्टिकरण सोध्ने ।

(इ) आफू समक्ष पर्न आएका उजूरीका सम्बन्धमा छानविन गरी ठोस राय सहितको प्रतिवेदन कार्यकारिणी समितिमा प्रस्तुत गर्ने ।

३८(क)(२) सभापतिको निर्देशनमा महानिर्देशकले समितिको बैठक बोलाउने छन् ।

३८(क)(३) समितिले आफ्नो बैठक सम्बन्धी प्रक्रिया एवं कार्य प्रणाली स्वयं व्यवस्थित गर्नेछ ।

[द्रष्टव्य : अनुशासन समितिको सभापतिलाई कार्यकारिणी समितिको बैठकमा विशेष आमन्त्रित गरिनेछ ।]

३८(ख) <u>सदस्यता समिति</u> : महासंघको पूर्व अध्यक्षको सभापतित्वमा ७(सात) सदस्यीय सदस्यता समिति गठन गरिने छ । उक्त समितिको सदस्य सभापतिको सिफारिशमा अध्यक्षले मनोनित गर्नेछ ।

३८(ख)(१) सदस्यता सम्बन्धमा उक्त समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुने छ ।

(अ) सदस्यता प्राप्तिका सम्बन्धमा परेका निवेदन माग आदिका सम्बन्धमा छानविन गर्ने,

(आ) सदस्यता शुल्क निर्धारण गरी कार्यकारिणी समितिमा सिफारिश गर्ने ।

(इ) महासंघका सदस्यहरुको अभिलेख स्पष्टसंग राख्ने, राख्न लगाउने ।

(ई) सदस्य संघहरुबाट महासंघ समक्ष सदस्यता सम्बन्धमा प्रस्तुत हुने सुझावहरु अध्ययन गर्ने,

(उ) सदस्यता प्रदान गर्नु अघि थप विवरण बुझ्नु आवश्यक भए सो बुझ्ने,

(ऊ) सदस्यता दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय लिन कार्यकारिणी समिति समक्ष प्रतिवेदन दिने,

३८(ख)(२) सभापतिको निर्देशनमा महानिर्देशकले समितिको बैठक बोलाउने छन् ।

३८(ख)(३) समितिले आफ्नो बैठक सम्बन्धी प्रक्रिया एवं कार्य प्रणाली स्वयं व्यवस्थित गर्नेछ ।

[द्रष्टव्य :सदस्यता समितिको सभापतिलाई कार्यकारिणी समितिको बैठकमा विशेष आमन्त्रित गरिनेछ ।]

३८(ग) अन्य समितिहरु : महासंघ अन्तर्गत विधानमा व्यवस्थित समितिहरुका अतिरिक्त १५ (पन्ध्र) वटा समितिहरु रहेन छन् । जस मध्ये निम्न ९ (नौ) वटा समितिको व्यवस्था अनिवार्य हुने छ ।

१. उद्योग समिति
२. व्यापार समिति
३. घरेलु तथा साना उद्योग समिति
४. महिला उद्यमी विकास समिति
५. स्थल यातायात तथा पारवहन समिति
६. कर तथा राजश्व समिति
७. पर्यटन तथा हवाई यातायात समिति
८. सूचना तथा सञ्चार प्रविधि विकास समिति
९. बैंक वित्तीय तथा बीमा समिति

३८(ग) (अ) समितिको सभापति कार्यकारिणी समितिको सल्लाहमा अध्यक्षले तोक्नेछ ।

३८(ग) (आ) समितिको सभापतिमा ३४.१(त) अन्तर्गत निर्वाचित सदस्य रहने छैन ।

३८(ग) (इ) समितिको उपसभापति र सदस्यहरु अध्यक्षले सभापतिसंग परामर्श गरी तोक्न सक्ने छ ।

३८(ग) (ई) समितिमा बढीमा ९ जना सदस्यहरु रहने छन् ।

३८(ग) (उ) समितिको काम, कर्तव्य र अधिकार कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुने छ ।

३८(ग) (ऊ) समितिको बैठकमा समितिले उपयुक्त ठहऱ्याएका व्यक्ति वा महानुभावलाई आमन्त्रण गर्न सक्ने छ ।

३८.१(क) <u>सल्लाहकार समिति</u> : कार्यकारिणी समितिले विधानले परिकल्पना गरेको उद्देश्य प्राप्तिका लागि महासंघका पूर्व अध्यक्षको सभापतित्वमा महासंघका पूर्व पदाधिकारीहरु मध्येबाट बढीमा ७ जना सदस्यहरु रहने गरी एक सल्लाहकार समिति गठन गर्न सक्ने छ ।

[द्रष्टव्य : सल्लाहकार समितिका सभापतिलाई कार्यकारिणी समितिको बैठकमा विशेष आमन्त्रित गरिने छ ।]

३९. <u>परिषद</u>

३९.१ महासंघमा देहाय बमोजिमका परिषद रहने छन्:

(क) उद्योग वाणिज्य परिषद्

(ख) वस्तुगत परिषद

(ग) रोजगारदाता परिषद्

(घ) द्विराष्ट्रिय संघ परिषद्

**<u>[द्रष्टव्य</u>** : द्विराष्ट्रिय उद्योग वाणिज्य संघको सदस्य संख्या २० पुगेमा मात्र द्विराष्ट्रिय उद्योग वाणिज्य परिषद् गठन गर्न सकिनेछ ।]

३९.२ माथि दफा ३९.१ को खण्ड (क) तथा (ख) बमोजिमको परिषद्हरुको गठन एवं काम, कर्तव्य देहाय बमोजिम हुने छ ।

३९.२.१ सम्बन्धित सदस्य संघ समूहबाट निर्वाचित उपाध्यक्षको सभापतित्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरी परिषद् गठन हुने छन् ।

(क) सम्बन्धित सदस्य समूहबाट महासंघको कार्यकारिणी समितिमा निर्वाचित सदस्य

(ख) सभापतिको सिफारिशमा खण्ड (क) बमोजिम सदस्य संख्याको ५० प्रतिशतमा नबढाई सम्बन्धित संघ सदस्य मध्येबाट अध्यक्षद्वारा मनोनित सदस्य

(ग) परिषद्ले आवश्यकता अनुसार आफू मध्येबाट उपसभापति छान्न सक्नेछ ।

३९.२.२ माथि दफा ३९.१ को खण्ड (क), (ख) र (घ) बमोजिमको परिषद्को काम, कर्तव्य देहाय बमोजिम हुने छ ।

(क) आफ्नो वर्गका सदस्य बीच समन्वय एवं समझदारी कायम गर्ने ।

(ख) महासंघको उद्देश्य पूर्तिको लागि आफ्नो वर्गलाई परिचालन गर्ने ।

(ग) कार्यकारिणी समितिले पारित गरेको नीति एवं निर्णयहरु लागू गराउने

(घ) अध्यक्ष एवं कार्यकारिणी समितिले मागेका बिषयमा सुझाव दिने ।

(ङ) महासंघ समक्ष विचारार्थ समस्याहरुको पहिचान गर्ने

(च) आफ्ना वर्गका सदस्यहरुको समस्या पहिचान गरी तिनीहरुको समाधानका उपायहरु खोजी कार्यकारिणी समितिमा प्रस्तुत गर्ने ।

(छ) आफ्नो वर्ग र क्षेत्रसंग सम्बन्धित बिषयमा अध्ययन अनुसन्धान गर्ने तथा त्यसबाट प्रापत निष्कर्ष तथा सुझावहरु कार्यान्वयनको लागि पेश गर्ने ।

(ज) आफ्नो वर्गको उत्थान र विकास कसरी गर्न सकिन्छ भन्ने सन्दर्भ ठोस सुझाव महासंघ समक्ष प्रस्तुत गर्ने ।

(झ) आफ्नो वर्ग र अरु वर्गका सदस्य संघ बीच सुमधुर सम्बन्ध राख्दै साझा हित र प्रगति कसरी गर्न सकिन्छ भन्ने बिषयमा महासंघ समक्ष सुझाव प्रस्तुत गर्ने ।

(ञ) परिषद्ले आफ्नो वार्षिक कार्यक्रम तय गरी कार्यकारिणी समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।

(ट) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

३९.३ पांचौं संशोधनबाट खारेज ।

३९.३.१ पांचौं संशोधनबाट खारेज ।

३९.३.२ पांचौं संशोधनबाट खारेज ।

३९.४ पांचौं संशोधनबाट खारेज ।

३९.४.१ पांचौं संशोधनबाट खारेज ।

३९.४.२ पांचौं संशोधनबाट खारेज ।

३९.४.३ <u>रोजगारदाता परिषद्</u> : महासंघको कार्यकारिणी समितिमा एशोसिएट सदस्य समूहबाट निर्वाचित उपाध्यक्ष रोजगारदाता परिषद्को सभापति हुने छन् । निजको सभापतित्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरी एक रोजगारदाता परिषद् गठन हुनेछ ।

३९.४.३(क) रोजगारदाता इकाई रहेका उद्योग वाणिज्य संघहरु मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनित ३ जना सदस्य,

३९.४.३(ख) रोजगारदाता इकाई रहेका बस्तुगत संघहरु मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनित २ जना सदस्य,

३९.४.३(ग) एशोसिएट सदस्यहरु मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनित ६ जना सदस्य,

३९.४.३(घ) सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट विभिन्न क्षेत्र, वर्ग तथा समूहबाट मनोनित ५ जना सदस्य ।

३९.४.४ परिषद्को बैठक, कार्य प्रणाली आदि व्यवस्थित गर्न परिषद्ले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफैं बनाई लागू गर्न सकिनेछ ।

३९.४.५ परिषद्का मुख्य उद्देश्यहरु देहाय बमोजिम हुने छन् ।

(क) महासंघको विधान विपरित नहुने गरी रोजगारदाताहरुको हकहितको संरक्षण गर्दै उद्योग व्यवसायको विकास र विस्तार गरी रोजगारीका नयां अवसरहरु सिर्जना गर्ने ।

(ख) समान उद्देश्य भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रि संघ, संस्था, संगठन वा निकायसंग भाईचाराको सम्बन्ध विकास गर्ने ।

(ग) रोजगारदाताहरुको हक, हितको संरक्षण गर्न रोजगारदाताहरुका बीचमा एकता, सद्भाव र मैत्री कायम राख्ने ।

(घ) व्यवस्थापन र श्रमका सम्बन्धमा नयां नयां अवधारणाहरु वारे राष्ट्रिय जागरण पैदा गर्ने ।

(ङ) रोजगारदाताको हित रक्षा गर्न उनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सवल संगठनका रुपमा प्रस्तुत गर्ने ।

३९.४.६ रोजगारदाता परिषद्को काम र कर्तव्य देहाय बमोजिम हुने छन् ।

(क) अन्तर्राष्ट्रि श्रम संगठन सम्बन्धी काम गर्नु ।

(ख) रोजगारदाताहरुको संगठन वा रोजगारदाताहरुको ट्रेड युनियनको रुपमा प्रतिनिधित्व एवं काम गर्नु ।

(ग अन्तर्राष्ट्रिय क्षेत्रीय विदेशी रोजगारदाताहरुको संघ संस्थासंग आवश्यक सम्बन्ध स्थापित गर्नु र सोसंग सम्बन्धित काम गर्नु ।

(घ) नेपाल अधिराज्य भित्र उत्पन्न श्रम समस्या निराकरण गर्न प्रयत्न गर्नु र त्यस्ता समस्याको समाधानको लागि श्री ५ को सरकारमा सुझाव प्रस्तुत गर्नु ।

(ङ) उत्पादकत्वमा बृद्धि गर्ने प्रशिक्षणको आयोजना गर्नु वा आयोजना गर्न सहयोग गर्नु ।

(च) काम गर्ने वातावरणमा सुधार ल्याउन प्रयत्नशील हुनु ।

(छ) व्यवस्थापन र श्रम बीचको सुमधुर सम्बन्धबाट देशको औद्योगिक विकासको सम्भावना हुने र दुवै पक्षलाई फाईदा हुने कुरा बोध गराउनु ।

(ज) व्यवस्थापन विज्ञानलाई अभिबृद्धि गर्नु र सोको ज्ञान फैलाउनु ।

(झ) विधिवत गठित ट्रावईव्यूनलमा सदस्य भई भाग लिनु र तत्सम्बन्धी काम गर्नु गराउनु ।

(ञ) श्रम सम्बन्धी कानूनको बिषयमा श्री ५ को सरकारलाई राय सल्लाह दिनु ।

(ट) संगठनको कार्य पूर्तिको लागि आवश्यक प्रचार प्रसार गर्नु गराउनु तथा गोष्ठी, तालीम, सम्मेलन आदि आयोजना गर्नु गराउनु ।

(ठ) महासंघमा सदस्य नभएका उद्योग वाणिज्य प्रतिष्ठानहरुलाई सहयोग गर्नु परेमा जिल्ला नगर र बस्तुगत संघहरुको माध्यमबाट सेवा उपलब्ध गराउनु ।

(ड) कार्यकारिणी समितिबाट स्वीकृति कार्यक्रम र बजेट अनुसार खर्चको व्यवस्था गर्नु र कार्य सञ्चालनार्थ छुट्टै अर्थ संकलन समेत गर्नु गराउनु ।

(ढ) उद्योग वाणिज्य संघ तथा बस्तुगत संघहरुमा रोजगारदाता इकाई गठन गरी यस्ता इकाईलाई प्रोत्साहन एवं मार्गदर्शन गर्नु ।

(ण) कार्यकारिणी समितिले तोके अनुसार अन्य कार्य गर्नु, गराउनु ।

(त) साथै आफ्नो वर्ग (एशोसिएट समूह) को लागि दफा ३९.२.२ को काम र कर्तव्य समेत पूरा गर्ने छ ।

३९.४.७ परिषद्ले आवश्यकता अनुसार आफू मध्येबाट उपसभापति छान्न सक्ने छ ।

३९.५ पांचौं संशोधनबाट खारेज ।

३९.६ पांचौं संशोधनबाट खारेज ।

३९.७ पांचौं संशोधनबाट खारेज ।

**३९(क)** पांचौं संशोधनबाट खारेज ।

## ४०. <u>कार्यकारिणी समिति र स्थायी समितिको बैठक</u>

४०.१ कार्यकारिणी समितिको बैठक वर्षमा कम्तिमा ४ पटक हुनेछ र दुई बैठकको बीचको अवधि सामान्यतया ३ महिना भन्दा वढी हुने छैन ।

४०.२ कार्यकारिणी समिति र स्थायी समितिको बैठकमा प्रोक्सी प्रयोग हुन सक्ने छैन ।

४०.३ कार्यकारिणी समितिको बैठकको निमित्त गणपुरक संख्या बहालमा रहेको कार्यकारिणी समितिका सदस्यहरुको ४० प्रतिशत हुनेछ ।

४०.४ स्थायी समितिको बैठकको निमित्त गणपुरक संख्या बहालमा रहेको स्थायी समितिका सदस्यहरुको ५१ प्रतिशत हुनेछ ।

४०.५ कार्यकारिणी समिति र स्थायी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन् ।

४०.६ अध्यक्षले वैठकको अध्यक्षता गर्ने छन् । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षहरुले उपदफा ३४.२ को वरियताको क्रमबाट गर्ने छन् ।

४०.७ अध्यक्षको निर्देशनमा महानिर्देशकले कार्यकारिणी समिति वा स्थायी समितिको बैठक बोलाउने छन् । अध्यक्ष र उपाध्यक्षहरुको अनुपस्थितिमा सल्लाहकार समितिको सल्लाहमा कार्यकारिणी समिति वा स्थायी समितिको बैठक महानिर्देशकले बोलाउन सक्नेछन् ।

४०.८ कार्यकारिणी समितिका सदस्यहरु मध्ये कमसेकम १२ जवानले बिषय खुलाई समितिको बैठक बोलाउने मांग गरेमा वढीमा १५ दिन भित्र समितिको बैठक बोलाउनु अध्यक्षको कर्तव्य हुनेछ ।

४०.९ कार्यकारिणी समितिको बैठक बोलाउने बिषयसूची समेत समावेश गरी कमसेकम १५ दिनको पूर्व सूचना सबै सदस्यहरुको सम्बन्धित सचिवालय वा ठेगानामा दिइएको हुनु पर्छ । तर गणपूरक सख्या नपुगी रहेको सोही बिषयको बैठक ७ दिनको पूर्व सूचनाले बोलाउन सकिने छ । त्यस्तो बैठकमा गणपूरक संख्याको गणना गरिने छैन ।

४०.१० कार्यकारिणी समितिमा छलफल गर्ने बिषयको सूची सामान्यतया निम्न बमोजिम हुनेछ :

४०.१०.१ महानिर्देशकको प्रतिवेदन ।

४०.१०.२ रोजगारदाता परिषद, समिति, उपसमिति, कार्यक्रम एवं परियोजना सम्बन्धी प्रतिवेदन ।

४०.१०.३ समसामयिक महत्वपूर्ण बिषयमा सचिवालय वा बाहिरी विशेषज्ञबाट तयार भएका कार्यपत्र वा प्रस्ताव ।

४०.१०.४ दफा ३६ अनुसारको अन्य बिषय ।

४०.१०.५ अध्यक्षले तोकेको अन्य बिषय ।

४०.११ सामान्य बिषयहरु बाहेक बिषय सूचीमा नपरेका कुनै महत्वपूर्ण बिषयमा बैठकले बिचार गर्न हुँदैन ।

४१. <u>क्षेत्रीय उद्योग वाणिज्य संघ सम्बन्धी व्यवस्था</u>

महासंघका सम्बन्धित क्षेत्रका सदस्य संघहरुबाट क्षेत्रीय रुपमा क्षेत्रीय उद्योग वाणिज्य संघ गठन हुने छन् । यसरी संघ गठन गर्दा महासंघको स्विकृति र सम्मति अनिवार्य हुने छ । यसरी गठन हुने क्षेत्रीय उद्योग वाणिज्य संघको संरचना, काम, कर्तव्य र अधिकार सम्बन्धित क्षेत्रीय उद्योग वाणिज्य संघको कार्यकारिणी समितिले निर्धारित गरे बमोजिम हुने छ । यस्ता संघहरुले उद्योग वाणिज्य संघ समूह भित्र रही यस विधानमा गरिएको व्यवस्था अनुसार अधिकार प्रयोग गर्ने छन् ।

४१.२ पांचौं संशोधनबाट खारेज ।

४१.३ पांचौं संशोधनबाट खारेज ।

४१.४ पांचौं संशोधनबाट खारेज ।

४१.५ पांचौं संशोधनबाट खारेज ।

४१.६ पांचौं संशोधनबाट खारेज ।

४१.७ पांचौं संशोधनबाट खारेज ।

४१.८ पांचौं संशोधनबाट खारेज ।

४१.९ पांचौं संशोधनबाट खारेज ।

४२. पांचौं संशोधनबाट खारेज ।

४३. <u>कार्यकारिणी समितिको सदस्य संख्यामा नपुग सम्बन्धी वैधता</u>

४३.१ कार्यकारिणी समितिमा हुनु पर्ने सदस्यहरुको कूल संख्याको दुई तृतीयांश भएमा कार्यकारिणी समितिको कार्य सन्चालन गर्न सकिनेछ ।

४३.२ कार्यकारिणी समितिको रिक्त स्थान पूर्तिका निमित्त यथाशीघ्र कार्यवाही गर्नु पर्नेछ ।

[दस्टव्य : कुनै कारणबस रिक्त स्थान पूर्ति हुन नसकेको अवस्थामा उक्त स्थान गणपूरकमा गणना गरिने छैन ।]

## परिच्छेद ६
## पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार

४४. <u>अध्यक्षको योग्यता</u>

४४.१ महासंघको अध्यक्ष हुनका लागि देहाय अनुरुपको योग्यता पूरा भएको हुनु पर्दछ ।

(क) नेपाली नागरिक,

(ख) महासंघको कार्यकारिणी समितिमा सदस्यको रुपमा कम्तिमा दुई कार्यकाल पूरा गरेको,

(ग) साधारण सदस्य क्षेत्रबाट अध्यक्षको पदमा उम्मेद्वार हुन सम्बन्धित सदस्य संघको कार्यकारिणी समितिमा पदाधिकारी पदमा कम्तिमा एक अवधि पूरा गरेको,

(घ) एशोसिएट सदस्य क्षेत्रबाट अध्यक्ष पदको उम्मेद्वार हुन शेयर होल्डरको नाताले सम्बन्धित संस्थाको सञ्चालक समितिमा अध्यक्ष वा उपाध्यक्ष वा प्रबन्ध निर्देशक भई कम्तिमा एक कार्यकाल पूरा गरेको ।

(ङ) फौजदारी मुद्दाको अपराधमा सजायं नपाएको,

(च) साहुको दामासाहीमा नपरेको,

(छ) मानसिक सन्तुलन नबिग्रिएको,

(ज) प्रचलित नेपाल कानून बमोमिज अयोग्य नठहरिएको,

(झ) सकृय रुपमा कुनै पनि राजनीतिमा नलागेको ।

४४.२ <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) महासंघको नेतृत्व गर्ने,

(ख) महासंघको दैनिक प्रशासनको रेखदेख, नियन्त्रण र निर्देशन दिने,

(ग) महासंघको प्रतिनिधित्व गर्ने/गराउने,

(घ) अध्यक्ष कार्यकारिणी समिति र साधारण सभा प्रति जवाफदेही रहने छन् ।

(ङ) महासंघको साधारण सभा, कार्यकारिणी समिति तथा विधानले तोके बमोजिमको बैठक, सभामा सभापतित्व गर्ने,

(च) साधारण सभा, कार्यकारिणी समिति तथा अन्य परिषद् एवं समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने

(छ) महासंघ अन्तर्गत संघ संस्थाहरुलाई क्रियाशील बनाउन विशेष प्रयत्न गर्ने,

(ज) तोकिए बमोजिम अन्य काम गर्ने/गराउने ।

(झ) तत्काल गर्न पर्ने अन्य काम गर्ने गराउने ।

४५. <u>कार्यवाहक अध्यक्ष</u>

४५.१ अध्यक्षको अनुपस्थितिमा वा कुनै कारणले निजको पद रिक्त हुन आएको अवस्थामा अध्यक्षको कार्यभार वरिष्ठ उपाध्यक्षले सम्हाल्ने छन् ।

तर ६ महिना भन्दा बढी कार्यवाहक अध्यक्ष भई काम गर्नु पर्ने परिस्थिति भएमा वा ६ महिना भित्र साधारण सभा हुने अवस्था नरहेमा तत्काल निर्वाचनको प्रक्रिया प्रारम्भ गर्नु पर्दछ ।

४५.२ वरिष्ठ उपाध्यक्ष समेत अनुपस्थित रहेको अवस्थामा अध्यक्षको कार्यभार दफा ३४.२ का अन्य उपाध्यक्षहरुको वरियता क्रम अनुरुपको अन्य उपाध्यक्षले सम्हाल्ने छन् ।

४५.३ यस दफा अनुसार कुनै पनि उपाध्यक्ष उपस्थिति नभएको खण्डमा ८.१ को (क) र (ख) बमोजिम कार्यकारिणी समितिमा निर्वाचित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले अध्यक्षता गर्ने छन् ।

४६.१ <u>उपाध्यक्षको योग्यता</u> : महासंघको उपाध्यक्ष हुनका लागि देहाय अनुरुपको योग्यता पूरा भएको हुनु पर्दछ ।

(क) नेपाली नागरिक,

(ख) महासंघको कार्यकारिणी समितिमा सदस्यको रुपमा कम्तिमा एक कार्यकाल पूरा गरेको

(ग) एशोसिएट सदस्य वाहेक उपाध्यक्षको पदमा उम्मेद्‌वार हुन सम्बन्धित संघ संगठनमा पदाधिकारी भई सकेको ।

तर एशोसिएट समूहबाट उपाध्यक्ष पदको उम्मेद्‌वार हुनको लागि भने दफा ४४.१ को खण्ड (ज) बमोजिमको योग्यता पुगेको हुनु पर्दछ ।

(घ) फौजदारी मुद्दाको अपराधमा सजायं नपाएको ।

(ङ) साहुको दामासाहीमा नपरेको ।

(च) मानसिक सन्तुलन नबिग्रिएको ।

(छ) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नठहरिएको ।

४६.२ <u>उपाध्यक्षको काम कर्तव्य</u>

(क) आफ्नो परिषद्‌को बैठकको अध्यक्षता गर्ने ।

(ख) आफ्नो वर्गको हित संरक्षण गर्न आवश्यक कुराहरुमा परिषद्‌मा छलफल गराई कार्यकारिणी समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।

(ग) तोकिए बमोजिम अन्य काम गर्ने ।

४६.३ <u>अध्यक्ष तथा उपाध्यक्षहरुको पद रिक्त हुने अवस्था</u>

(क) कार्यकारिणी समिति समक्ष आफ्नो पदबाट दिएको राजिनामा स्विकृत भएमा ।

(ख) मृत्यू भएमा ।

(ग) अविश्वासको प्रस्ताव पारित भएमा ।

(घ) कार्यकारिणी अधिकार भएको कुनै राजनीतिक प्रकृतिको पदमा नियुक्त भएमा वा निर्वाचित भएमा ।

(ङ) विधानमा उल्लेखित अन्य अयोग्यताहरु श्रृजित भएको व्यहोरा पछि प्रमाणित भएमा ।

(च) महासंघमा प्रतिनिधित्व वा सदस्यता भएको सदस्य संघ/संस्था खारेज भएमा ।

(छ) सकृय रुपमा कुनै पनि राजनीतिमा लागेमा ।

४६.३(क) महासंघको कार्यकारिणी समितिमा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्दछ ।

(अ) २५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक ।

(आ) फौजदारी मुद्दाको अपराधमा साजायं नपाएको ।

(इ) साहूको दामासाहीमा नपरेको ।

(ई) मानसिक सन्तुलन नबिग्रिएको ।

(उ) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नठहरिएको ।

(ऊ) सदस्य संघ (उद्योग वाणिज्य संघ समूह, बस्तुगत संघ समूह र द्विराष्ट्रिय संघ समूह) बाट आफूले प्रतिनिधित्व गर्ने संघको पदाधिकारी भई एक कार्यकाल पूरा गरेको ।

(ऋ) एशोसिएट समूहबाट उम्मेद्वार हुनको लागि दफा ४४(१) को खण्ड (ज) बमोजिमको योग्यता पुगेको हुनु पर्ने छ ।

४६.३(ख) कार्यकारणी समितिका सदस्यहरुको पद रिक्त हुने अवस्था

(अ) कार्यकारिणी समिति समक्ष आफ्नो पदबाट दिएको राजिनामा स्विकृत भएमा ।

(आ) मृत्यू भएमा ।

(इ) अविश्वासको प्रस्ताव पारित भएमा ।

(ई) विधानमा उल्लेखित अन्य अयोग्यताहरु पछि श्रृजित भएको व्यहोरा प्रमाणित भएमा ।

(उ) महासंघमा प्रतिनिधित्व वा सदस्य भएको संघ/संस्था खारेज भएमा ।

४७. पांचौं संशोधनबाट खारेज ।

४८. पांचौं संशोधनबाट खारेज ।

## परिच्छेद ७
## महासंघको कोष

४९. <u>महासंघको कोष</u>

४९.१ महासंघको एक छुट्टै कोष हुनेछ जसमा देहाय बमोजिमका रकम समावेश हुने छन् :

४९.१.१ महासंघको सदस्यता शुल्क, प्रवेश शुल्क इत्यादिबाट प्राप्त रकम,

४९.१.२ महासंघलाई प्राप्त चन्दा, सहायता, अनुदान वा यस्तै अन्य रकम,

४९.१.३ बिभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त अनुदान, चन्दा वा सहयोग स्वरुप प्राप्त रकम,

४९.१.४ महासंघले वा यसका तर्फबाट सेवा प्रदान गरे वापत प्राप्त हुने रकम, शुल्क आदि,

४९.१.५ महासंघको सम्पत्तिबाट प्राप्त रकम,

४९.१.६ महासंघका सदस्यहरुको प्रयासबाट प्राप्त रकम,

४९.१.७ अन्य कुनै पनि श्रोत वा किसिमबाट महासंघलाई प्राप्त रकम ।

४९.२ महासंघको कोष रकम महासंघको उद्देश्य पूर्ति हुने कुनै कार्य वा महासंघले तोकेको काममा मात्र प्रयोग हुनेछ । तर महासंघको कोष वा सम्पत्तिबाट यसका सदस्यलाई लाभांश वा हिस्साको रुपमा वितरण गर्न सकिने छैन ।

४९.३ पांचौं संशोधनबाट खारेज ।

४९.४ महासंघको खाता सन्चालन तथा खर्च प्रकृया तोकिए बमोजिम गरिने छ ।

## ५०. हिसाव किताव

५०.१ कार्यकारिणी समितिले प्रत्येक आर्थिक वर्षको आय, व्यय तथा चल अचल सम्पत्तिको विवरण लेखाको मान्य पद्धति अनुकूल रीतपूर्वक राख्ने व्यवस्था गर्नेछ । तर स्थीर सम्पत्तिको वेचविखनको हकमा कार्यकारिणी समितिबाट स्वीकृत लिनु पर्नेछ ।

## ५१. लेखा परीक्षण

५१(क) आन्तरिक लेखा परीक्षण :

महासंघले आफ्नो आर्थिक कृयाकलापको सुदृढिकरणको लागि नियमित रुपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था गर्नेछ ।

महासंघसंग सम्बन्धित दफा ७.१ को (क) र (ख) सदस्यहरुको आवश्यकता अनुसार लेखा निरीक्षण/परीक्षण गर्ने/गराउने छ ।

५१(ख) महासंघको लेखापरीक्षण :

५१(ख)१ महासंघको लेखा परीक्षण गराउन साधारण सभाले एउटा लेखा परीक्षक नियुक्त गर्नेछ ।

५१(ख)२ साधारण सभाले नियुक्त गरेको लेखा परीक्षक लेखा परीक्षण गराउने समयमा उपलव्ध नभएमा कार्यकारिणी समितिले अर्को लेखा परीक्षक नियुक्त गर्न सक्नेछ ।

५१(ख)३ लेखा परीक्षक श्री ५ को सरकारको सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्छ ।

५१५.४ लेखा परीक्षकले लेखा परीक्षण गरी आफ्नो प्रतिवेदन सहितको वासलात आय व्यय विवरण कार्यकारिणी समिति समक्ष पेश गर्नेछ ।

५१(ख)५ लेखा परीक्षकको पारिश्रमिक र अन्य सुविधा साधारण सभाले तोकि दिए बमोजिम हुनेछ ।

५१(ख)६ लेखा परीक्षकले लेखा परीक्षणको तात्पर्यको लागि महासंघको लेखा सम्बन्धी अभिलेख सम्बन्धी निर्णय र भण्डारको निरीक्षण गर्न सक्नेछ ।

## ५२. लेखा परीक्षण प्रतिवेदन

५२.१ कार्यकारिणी समितिले आर्थिक वर्ष पूरा भएको ३ महिना भित्र मान्यता प्राप्त लेखा परीक्षकद्वारा महासंघको हिसाव किताव लेखा परीक्षण गराउने छ ।

५२.२ वार्षिक साधारण सभा हुनु भन्दा ३० दिन अघि कार्यकारिणी समितिले महासंघको लेखा परीक्षकको प्रतिवेदन सहित वासलात र आय व्ययको विवरण सदस्यहरुलाई पठाउनु पर्नेछ ।

## परिच्छेद ८
## मतदान एवं निर्वाचन

५३. पांचौं संशोधनबाट खारेज ।

५४. पांचौं संशोधनबाट खारेज ।

५५. पांचौं संशोधनबाट खारेज ।

५६ <u>रिक्त स्थान पूर्ति</u>

५६.१ कुनै किसिमबाट अध्यक्षको पद रिक्त हुन आएमा उपदफा ३४.२ को क्रममा पहिले रहेको उपाध्यक्षले आगामी साधारण सभासम्म अध्यक्षको कार्यभार चलाउने छ ।

५६.२ अध्यक्षको रिक्त पदको पूर्ति पद रिक्त भए पछि लगत्तै हुने साधारण सभाबाट बांकी अवधिको लागि विधानको व्यवस्था अनुसार हुनेछ ।

५६.३ रिक्त उपाध्यक्षको पदपूर्ति कम्तिमा तीन महिना भित्रमा गरिसक्नु पर्नेछ । वरिष्ठ उपाध्यक्षको हकमा कार्यकारिणी समितिले नै निर्वाचित गर्नेछ ।

५६.४ कार्यकारिणी समितिका कुनै सदस्यको स्थान रिक्त भएमा जुन वर्गको कार्यकारिणी समितिको सदस्यको स्थान रिक्त भएको हो सोही वर्गका दफा ७ बमोजिमका सदस्यहरु मध्येबाट कार्यकारिणी समितिले मनोनित गरी पद पूर्ति गर्नेछ ।

५६.५ यस दफा बमोजिम रिक्त पदको पूर्ति गर्दा बांकी पदावधिसम्मका लागि गरिने छ ।

५७. पांचौं संशोधनबाट खारेज ।

५८. <u>कार्यकारिणी समितिको सदस्यता खारेज हुने अवस्था</u> :

५८.१ पांचौं संशोधनबाट खारेज ।

५८.१.१ पांचौं संशोधनबाट खारेज ।

५८.१.२ पांचौं संशोधनबाट खारेज ।

५८.१.३ पांचौं संशोधनबाट खारेज ।

५८.१.४ पांचौं संशोधनबाट खारेज ।

५८.१.५ पांचौं संशोधनबाट खारेज ।

५८.१.६ यस विधान बमोजिम तोकिएको योग्ता पूरा नभएको अवस्था देखिन आएमा कार्यकारिणी समितिबाट निजको सदस्यता खारेज गरिने छ ।

५८.२ महासंघका अध्यक्ष वाहेकका कुनै पदाधिकारी तथा कार्यकारिणी समिति सदस्यले महासंघको हित विपरित कार्य गरेको कार्यकारिणी समितिले ठहर गरेमा निजलाई निलम्बन गरी त्यसपछि हुने साधारण सभामा निष्काशनको लागि पेश गर्ने छ ।

५८.३ यस दफा अन्तर्गत कार्यवाही गर्दा सफाइको मौकाबाट बन्चित गरिने छैन ।

## परिच्छेद ९
## सचिवालय

**५९. <u>सचिवालय</u>**

५९.१ महासंघको कार्य सन्चालनका लागि एक सचिवालय रहने छ ।

५९.२ महानिर्देशक सचिवालयका प्रमुख हुनेछन् ।

**५९(क) महानिर्देशकको नियुक्ति, काम, कर्तव्य तथा अधिकार**

५९क.१ कार्यकारिणी समितिले महानिर्देशकको नियुक्ति एवं सेवाका शर्त निर्धारण गर्नेछ ।

५९क.२ महानिर्देशकले अध्यक्षको प्रत्यक्ष नियन्त्रण तथा रेखदेखमा महासंघको प्रमुख जिम्मेवारी बहन गर्नेछन् ।

५९क.३ महानिर्देशक अध्यक्ष प्रति जवाफ देहि हुने छन् ।

५९क.४ महानिर्देशक, स्थायी समिति र कार्यकारिणी समितिको सदस्य सचिब हुने छन् र निजको मताधिकार हुने छैन ।

५९क.५ महानिर्देशकले महासंघको योजना तथा कार्यक्रमको तर्जुमाका साथ पदाधिकारी समितिमा पेश गर्ने छन् ।

५९क.६ स्वीकृत कार्यक्रम तथा बजेट अनुसार कार्यक्रमहरुको सञ्चालन गर्ने, गराउने जिम्मेवारी महानिर्देशकको हुने छ ।

५९क.७ महासंघको कर्मचारीलाई निर्देशन दिने, नियन्त्रण गर्ने र काममा लगाउने जिम्मेवारी महानिर्देशकको हुने छ ।

५९क.८ कोषको खाता सञ्चालन र कोषको जिम्मा महानिर्देशकको हुनेछ ।

५९क.९ महासंघ अन्तर्गत सञ्चालन हुने परियोजनाको सञ्चालन गराउने जिम्मेवारी महानिर्देशकको हुनेछ ।

**५९(ख) महासंघका कर्मचारी**

५९ख.१ महासंघका लागि आवश्यक कर्मचारीको नियुक्ति तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

**६०. <u>कार्य विवरण तथा अभिलेख राख्ने</u>**

६०.१ सचिवालयले साधारण सभा, कार्यकारिणी समिति, स्थायी समिति, पदाधिकारी समिति, परिषद, अन्य समिति र उपसमितिहरुको बैठकको कार्य विवरण (माइन्यूट) राख्नेछ र कार्य विवरणको नक्कल सम्बन्धित सदस्यहरुलाई पठाउने छ ।

६०.२ त्यस्तो कार्य विवरणमा कुनै कुरा सच्याउनु पर्ने देखिएमा सो प्राप्त भएका मितिले साधारण सभा भए १५ दिन भित्र, कार्यकारिणी समिति वा स्थायी समितिको बैठक भए ७ दिन भित्र र परिषद, समिति र उपसमितिको बैठक भए ३ दिन भित्र सचिवालयलाई लिखित सूचना गर्नु पर्नेछ । म्यादभित्र कुनै सूचना सचिवालयमा प्राप्त हुन नआएमा कार्य विवरण ठीक लेखिएको मानिने छ ।

६०.३ उद्योग वाणिज्य संघ, बस्तुगत संघ र द्विराष्ट्रिय उवासंघको साधारण सभा, निर्वाचन, हिसाव कितावको अभिलेख राखिने छ ।

## परिच्छेद १०
## विविध

६१. <u>विधानको व्याख्या</u>

६१.१ महासंघको विधानको व्याख्या गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ ।

६१.२ कार्यकारिणी समितिले गरेको व्याख्यामा चित्त नबुझ्नेले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ ।

६१.३ यो विधान र महासंघका सदस्य संघहरुको विधान बांझिएमा महासंघको प्रयोजनको निमित्त महासंघको विधान मान्य हुनेछ:

६२. <u>अविश्वासको प्रस्ताव</u>

६२.१ कार्यकारिणी समिति वा अध्यक्ष विरुद्धको अविश्वासको प्रस्ताव साधारण सदस्यको कूल मतसंख्याको कम्तिमा २५ प्रतिशत सदस्यहरुले कारण खुलाई हस्ताक्षर गरी महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन् ।

६२.१.१ अविश्वासको प्रस्ताव पारित गर्न सदस्यहरुको कूल मत संख्याको घटीमा ६० प्रतिशत हुन अनिवार्य हुने छ ।

६२.१.२ दफा ६२.१ बमोजिम प्रस्तुत अविश्वासको प्रस्ताव सम्बन्धी अन्य कुराहरु तोकिए बोजिम हुने छन् ।

६२.२ उपदफा ६२.१ बमोजिमको प्रस्ताव दर्ता भएको ३० दिन भित्र बैठक बस्ने गरी अध्यक्षले कार्यकारिणी समितिको बैठक बोलाउन लगाउने छन् । कुनै कारणले अध्यक्षले कार्यकारिणी समितिको बैठक बोलाउन नलगाएमा वरिष्ठ उपाध्यक्षले, वरिष्ठ उपाध्यक्षले बैठक बोलाउन नलगाएमा उद्योग वाणिज्य संघ समूहबाट निर्वाचित उपाध्यक्षले, उद्योग वाणिज्य संघ समूहबाट निर्वाचित उपाध्यक्षले पनि बोलाउन नलगाएमा बस्तुगत संघ समूहबाट निर्वाचित उपाध्यक्षले र बस्तुगत संघ समूहबाट निर्वाचित उपाध्यक्षले पनि वोलाउन नलगाएमा एशोसिएट समूहबाट निर्वाचित उपाध्यक्षले र एशोसिएट समूहबाट निर्वाचित उपाध्यक्षले पनि बोलाउन नलगाएमा द्विराष्ट्रिय संघ समूहबाट निर्वाचित उपाध्यक्षले र द्विराष्ट्रिय संघ समूहबाट निर्वाचित उपाध्यक्षले पनि बोलाउन नलगाएमा माथि उल्लेखित ३० दिन वितेको १५ दिन भित्र महानिर्देशकले कार्यकारिणी समितिको बैठक बोलाउनु पर्नेछ ।

६२.३ नियमित साधारण सभा बस्ने समय नजिक आइरहेको भए सोही साधारण सभाको बिषयसूचीमा अविश्वासको प्रस्ताव समेत समावेश गरिने छ । यस अनुरुप साधारण सभाको समय नभएमा उपदफा ६२.२ मा उल्लेखित कार्यकारिणी समितिको बैठक बसेको मितिले ३० दिन भित्र सभा बस्ने गरी विशेष साधारण सभा कार्यकारिणी समितिले बोलाई छलफल गराउने छ ।

६२.४ उपदफा ६२.२ र ६२.३ बमोजिम नगरेमा अविश्वासको प्रस्ताव प्रस्तुत गर्नेहरुले बैठक गरी सो बैठकले अधिकार दिएको व्यक्तिले महासंघको सचिवालयमा प्रस्ताव दर्ता गरेको मितिले ३५ दिन भित्र विशेष साधारण सभा गर्ने अविश्वासको प्रस्ताव सहितको सूचना सचिवालयले महासंघका सदस्यहरुलाई पठाउने छ । सचिवालयले पनि उल्लेख भए अनुसार सूचना नपठाएमा अविश्वास प्रस्ताव राख्ने सदस्यहरु सबैले सही गरी विशेष साधारण सभा गर्ने सूचना पठाई विशेष साधारण सभा बोलाउन सक्नेछन् ।

६२.५ कार्यकारिणी समितिको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर छलफल गर्ने साधारण सभाको सभापतित्व दफा ८ का सदस्यहरु मध्येवाट उमेरको हिसाववाट वरिष्ठता प्राप्त सदस्यले गर्नेछन् ।

६२.६ अध्यक्षको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर छलफल गर्ने साधारण सभाको सभापतित्व वरिष्ठ उपाध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा दफा

३४.२ को (आ), (इ), (ई), (उ) र (ऊ) बमोजिमका उपाध्यक्षले वरियताको क्रममासभाको सभापतित्व गर्नेछन् । उपाध्यक्षहरु सबैको अनुपस्थितिमा सो सभाले उपदफा ७.१ खण्ड (क) बमोजिमका सदस्य मध्येवाट चुनेको व्यक्तिले सभाको सभापतित्व गर्नेछ ।

६२.७ महासंघका अध्यक्ष बाहेक कुनै पदाधिकारी वा कार्यकारिणी समिति सदस्य विरुद्ध अविश्वासको प्रस्ताव आएमा यस्तो प्रस्ताव जुन क्षेत्रबाट प्रतिनिधित्व गर्नेको विरुद्ध आएको हो सोही क्षेत्रबाट अविश्वासको प्रस्ताव दफा ६२.१ अनुसार हुनेछ ।

६२.८ कार्यकारिणी समितिको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर हुने मतदानमा कार्यकारिणी समितिका पदाधिकारी एवं सदस्यहरुले र अध्यक्षको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर हुने मतदानमा अध्यक्षले मतदान गर्न पाउने छैनन् ।

६२.९ अविश्वासको प्रस्ताव उपरको छलफलमा सफाई पेश गर्न पाउने अवसरबाट बन्चित गरिने छैन ।

६२.१० अविश्वासको प्रस्ताव पारित गर्न सदस्यहरुको कूल मतसंख्याको घटीमा ६० प्रतिशत हुनु अनिवार्य हुनेछ ।

६२.११ अविश्वासको प्रस्ताव पारित भएमा त्यसको कार्यान्वयन वार्षिक साधारण सभा वा विशेष साधारण सभाले तोके बमोजिम हुनेछ ।

६२.१२ अविश्वासको प्रस्ताव उपर मतदानवाट निर्णय गर्न पर्ने अवस्थामा सदस्यको मताधिकारको सीमितता उपदफा ५३.४ बमोजिम हुनेछ ।

६२.१३ माथि उल्लेख भएका उप-दफाहरुमा जुनसुकै लेखिएको भएता पनि अविश्वासको आरोप लागेको व्यक्ति र अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने सदस्य संघ वा कम्पनीका प्रतिनिधिले त्यस्तो सभा वा बिषयमा छलफल हुंदा अध्यक्षता गर्न पाउने छैनन् ।

६३. पांचौं संशोधनबाट खारेज ।

६३.१ पांचौं संशोधनबाट खारेज ।

६४. <u>महासंघको हैसियत</u>

६४.१ महासंघ एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

६४.२ महासंघले आफ्नो नाममा चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकतानुसार आफ्नो हक/स्वामित्व कुनै किसिमले हस्तान्तरण गर्न सक्नेछ ।

६४.३ महासंघले आफ्नो तथा आफ्ना सदस्यहरुको हक हितको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यकतानुसार प्रचलित कानूनको अधिनमा आवश्यक कार्यवाही गर्न गराउन सक्नेछ ।

६४.४ महासंघले कसै उपर उजूर नालिस गर्न र कसैले आफू उपर दावी गरेको नालिश उजूरमा प्रतिरक्षा गर्न सक्नेछ ।

६४.५ महासंघले आफूले गर्नु पर्ने काम गर्न कसैलाई विधिपूर्वक प्रतिनिधित्व दिन सक्नेछ ।

६४.६ महासंघले आफ्नो कार्य सन्चालनका लागि छुट्टै छाप तथा चिन्हको प्रयोग गर्न सक्नेछ र त्यस्तो छाप वा चिन्ह प्रयोग भएको कागजातहरु अन्यथा प्रमाणित नभएसम्म महासंघबाट भए गरेको मानिने छ ।

६५. **उत्तरदायित्व**

६५.१ पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्यहरु र महासंघका कर्मचारीहरुले महासंघको कामकाज गर्दा बदनियत चिताई काम कार्यवाही गरी हानी नोक्सानी हुन गएमा व्यक्तिगत रुपले जवाफदेही हुनु पर्नेछ ।

६६. **विधानमा संशोधन**

६६.१ विधान संशोधनको प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु अगावै देहायको प्रक्रिया पूरा गरेको हुनु पर्दछ ।

६६.१(क) कार्यकारिणी समितिबाट प्रस्तुत हुने संशोधनको प्रस्ताव राय सहित साधारण सभा शुरु हुनु भन्दा तीन महिना अगावै महासंघका सदस्य संघ समक्ष प्रस्तुत गर्नु पर्ने छ ।

६६.१(ख) महासंघका सदस्यहरुबाट प्रस्तुत हुने संशोधन प्रस्ताव साधारण सभा शुरु हुनु ४ (चार) महिना अगावै कार्यकारिणी समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

६६.२ महासंघको प्रत्येक सदस्यले विधानको संशोधनको वान्छनीयताका सम्बन्धमा आफ्नो मत वा बिचार व्यक्त गर्न पाउने छन् ।

६६.३ विधान संशोधन सम्बन्धमा मतदानबाट निर्णय गर्नु पर्ने अवस्थामा मताधिकारको सीमितता उपदफा ३४.३ बमोजिम हुनेछ ।

६७. **सदस्यको नाम परिवर्तन**

कार्यकारिणी समितिको स्वीकृति लिएर महासंघको कुनै सदस्यले आफ्नो नाम परिवर्तन गर्न सक्नेछ ।

६७(क) **निर्देशनको पालना**

६७(क) १ कार्यकारिणी समितिले महासंघका सदस्यहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

६७(क) २ महासंघले दिएको निर्देशनको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

६७(क) ३ महासंघको निर्देशनको पालना नगर्ने सदस्यलाई आवश्यकतानुसार महासंघबाट प्रवाह गरिने सूचना, सल्लाह, सहयोग एवं सहायता बन्द गरी सदस्यताबाट निलम्बन र निस्काशन समेत गर्न सकिने छ ।

६७(ख) **शपथ ग्रहण**

६७(ख)१ महासंघको कार्यकारिणी समितिमा नवनिर्वाचित अध्यक्षलाई पदभार ग्रहण गर्नु अगावै निवर्तमान अध्यक्षले शपथ ग्रहण गराउने छन् । अन्य पदाधिकारीहरु तथा सदस्यहरुलाई नवनिर्वाचित अध्यक्षले शपथ गराउने छन् । नवनिर्वाचित अध्यक्ष, पदाधिकारीहरु तथा सदस्यहरुले लिने शपथ ग्रहण तोकिए बमोजिम हुने छ ।

६७(ख)२ महासंघका अध्यक्ष, पदाधिकारी, सदस्य, भूतपूर्व अध्यक्षहरु, महानिर्देशक समेतको मर्यादाक्रम तोकिए बमोजिम हुने छ ।

६७(ख)३ **नियम बनाउने अधिकार** : विधानको उद्देश्य प्रतिकूल नहुने गरी महासंघको कार्यकारिणी समितिले विधानमा उल्लेखित उद्देश्य पूरा गर्न नियमाबली बनाई लागू गर्न सक्ने छ ।

६७(ख)४ **बाधा अड्काउ फुकाउने अधिकार** : महासंघको विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार महासंघको कार्यकारिणी समितिलाई हुने छ ।

६८. **खारेजी एवं बचाउ**

६८.१ नेपाल उद्योग वाणिज्य संघको प्रबन्धपत्र तथा नियमावली २०२२ खारेज गरिएका छन् ।

६८.२ यो विधान लागू हुनु पूर्व प्रचलनमा रहेको प्रबन्धपत्र तथा नियमावली र महासंघको विधान बमोजिम भए गरेका सम्पूर्ण काम कार्यवाही यसै विधान अनुरुप भए गरेको मानिने छ ।

६८.३ यस विधानका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि पांचौ संशोधन विधान २०६२ लागू हुंदाको बखतको कार्यकारिणी समितिको पदावधि २०६४ साल चैत्र मसान्तसम्म कायम रहने छ ।

६८.४ यो विधान (पांचौं संशोधन) लागू हुनु भन्दा अगावै महासंघको अध्यक्ष उपाध्यक्ष र कार्यकारिणी समिति सदस्य भई सकेकाहरुको हकमा माथि उल्लेखित दफा ४४.१(ग), ४६.१(ग) र ४६.३(क) को (ऊ) लागू हुने छैन ।

६९. <u>दायित्व सर्ने</u>

६९.१ नेपाल उद्योग वाणिज्य संघले गरेका काम, कार्यवाही तथा संघको सम्पत्ति र संघले व्यहोर्नु पर्ने दायित्व लगायत सम्पूर्ण कुराहरु यो विधान लागू हुनासाथ स्वत: सरेको मानिनेछ ।

★ ★ ★ ★ ★